महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९

पर्सागढी नगरपालिका

पर्सा

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९

पर्सागढी नगरपालिका

पर्सा



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको

वार्षिक प्रतिवेदन

२०७९

पर्सागढी नगरपालिका

पर्सा

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

(टंकमणि शर्मा दंगाल)

२०७९ चैत्र

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, ...

पत्र संख्याः २०७९।८०
च.नं. १२९

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुख ज्यू ,
पर्सागढी नगरपालिका, नगरकार्यपालिकाको कार्यालय
पर्सा।

१. कैफियत सहितको राय

हामीले नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय प्रतिवेदन, अनुसूची, एकिकृत आय व्यय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय प्रतिवेदन, अनुसूची, एकिकृत आय व्यय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. नगरपालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.४ करोड ६२ लाख ३८ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू १ करोड ३४ लाख २४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. २ करोड ६९ लाख ८० हजार, नियमित गर्नुपर्ने रु. ६ लाख २५ हजार र पेश्की बाँकी रु.५२ लाख ८ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु.२२ करोड ४६ लाख ३४ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.२७ करोड ८ लाख ७२ हजार रहेको छ । नगरपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**

२.३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

२.४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन । हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य व्यहोरा

लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामान बमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरुपमा गलत आँकडारहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। नगर कार्यपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी –

वित्तीय विवरण समग्रमा जालसाजी वा अन्य त्रुटि समेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको

आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य त्रुटि पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले गर्ने आर्थिक निर्णयमा नै फरक पार्नसक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य त्रुटिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ।

हुमनाथ सुवेदी
नायब महालेखापरीक्षक

पर्सागढी नगरपालिका, पर्सा

१. चालु वर्षको बेरुजु २०७८।७९

१.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बेरुजु						
									असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम		अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
सैद्धान्तिक	लगाती		सैद्धान्तिक	लगाती		सैद्धान्तिक	लगाती								
४०	२७३	४६२३८				४०	२७३	४६२३८	१३४२४	६२५	२६९८०			२७६०५	५२०८

२. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्र्यौट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
पर्सा	२२४६३४					४६२३८	२७०८७२

1.1.1.1.1.1 आर्थिक कारोबारको स्थिति

आर्थिक वर्ष: २०७८/७९

कार्यालय र स्थान : पर्सागढी नगरपालिका, पर्सा

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	भरत प्रसाद यादव	२०७८-२-१७	२०७९-३-३२
लेखा प्रमुख	श्याम नारायण भगत माली	२०७८-४-१	हाल सम्म कार्यरत
लेखा प्रमुख	santosh prasad kushwaha	२०७७-४-१	२०७९-३-३२
		बेरुजु रकम	४६,२३८,०८१

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		२०,५६,१२,०२२.३	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	३२,३७,१०,०००	**चालु खर्च**	३६,८३,५१,२८३
प्रदेश सरकारबाट अनुदान	१,७८,५९,०००	**पूँजीगत खर्च**	१८,०८,६६,९५६.७
राजश्व बाँडफाँट	११,१८,२५,६८०	**वित्तीय/अन्य व्यवस्था**	१०,८३,९३,४६८.५
आन्तरिक आय	१,३९,२६,५१५		

अन्य आय	११,५६,१९,२८७.७		
कुल आय	५८,२९,४०,४८२.७	**कुल खर्च**	६५,७६,११,७०८.२
बाँकी मौज्दात		१३,०९,४०,२५६.६	

क्रम	**भौचर नम्बर**	**भौचर मिति**	**बिषय**	**बेरुजु रकम**
१			**परिचय-** स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकार संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत ९ वडा ९९.६९ वर्ग किलोमिटर क्षेत्रफल तथा ३८०४७ जनसंख्या रहेको छ ।	
२			**लेखापरीक्षण-** यस नगरपालिकाको आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०७९, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निक्यौंल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३</td><td></td><td></td><td>लेखापरीक्षणको क्रममा असुली- लेखापरीक्षणको क्रममा देहाय बमोजिमको रु. ५३१५१४।- असुली भई सञ्चित कोष दाखिला भएको छः
<table>
<tr><th>कार्यक्रम/ब.उ.शी.नं.</th><th>वापत</th><th>रकम</th><th>मिति</th><th>दाखिला भएको बैङ्क</th></tr>
<tr><td>राजस्व</td><td>विशमिल्लाह कन्स्ट्रक्सन-करजनिया खोला ढुंगा, गिटी कर</td><td>५२१७१४</td><td>२०७९।९।३०</td><td>रा.बा. बैंक</td></tr>
<tr><td>राजस्व</td><td>निजीस्कुलको परीक्षा सञ्चालन दस्तुर</td><td>९८००</td><td>२०७९।९।३०</td><td>स्थानीय संचित कोष</td></tr>
<tr><td></td><td>जम्मा</td><td>५३१५१४</td><td></td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>वित्तीय प्रतिवेदन- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आर्थिक वर्ष २०७८।७९ को वित्तीय प्रतिवेदन देहाय बमोजिम रहेको छः
<table>
<tr><th rowspan="2">विवरण</th><th colspan="3">यस वर्ष रु.</th><th colspan="2">गतवर्ष रु.</th></tr>
<tr><th>बजेट</th><th>आफैले गरेको प्राप्ति/भुक्तानी</th><th>जम्मा</th><th>आफैले गरेको प्राप्ति/भुक्तानी</th><th>जम्मा</th></tr>
</table></td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय						बेरुजु रकम
			प्राप्ती (क+ख)	५५६०७७०४३	४६९६८८२६२	४६९६८८२६२	२८९२१००	२८९२१००	
			क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)	५५४१२५८९३	४६६३५१३१३	४६६३५१३१३	०	०	
			११००० कर	१५५८९५५९२	१२२६७००६३	१२२६७००६३	०	०	
			१३००० अनुदान	३४८३६९०००	३४०६८३०००	३४०६८३०००	०	०	
			संघीय सरकार	३२४५१००००	३२२८२४०००	३२२८२४०००	०	०	
			प्रदेश सरकार	२१३५९०००	१७८५९०००	१७८५९०००	०	०	
			बैदेशिक श्रोत	२५०००००	०	०	०	०	
			१४००० अन्य राजस्व	४४८६१३०२	२६६८२५०	२६६८२५०	०	०	
			१५००० विविध प्राप्ति	५००००००	३३००००	३३००००	०	०	
			ख. अन्य प्राप्ति	१९५११५०	३३३६९४९	३३३६९४९	२८९२१००	२८९२१००	
			कोषहरु	१९५११५०	१९५११५०	१९५११५०	०	०	
			धरौटी	०	१३८५७९९	१३८५७९९	२८९२१००	२८९२१००	
			भुक्तानी (ग+घ)	७९३२३५६६८	५५२७५७३७१	५५२७५७३७१	३७६०२३९३३	३७६०२३९३३	
			ग. भुक्तानी (सञ्चित कोषबाट)	७९१२८४५१८	५४९२१८७८०	५४९२१८७८०	३७१२७४१२७	३७१२७४१२७	
			२१००० पारिश्रमिक / सुविधा	६४२६४०००	५३१४००६४	५३१४००६४	१०९३८९०९८	१०९३८९०९८	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय						बेरुजु रकम
			२२००० मालसामान तथा सेवाको उपयोग	३२६६०५०००	२५९२४८१३९	२५९२४८१३९	१३४२०२७२२	१३४२०२७२२	
			२५००० सहायता (Subsidy)	११०००००	११०००००	११०००००	०	०	
			२७००० सामाजिक सुरक्षा	१०५५००००	१५९८४६१	१५९८४६१	०	०	
			२८००० अन्य खर्च	५४००३५१८	५३२६५१५९	५३२६५१५९	१८४२१२७	१८४२१२७	
			३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	३३४५१२०००	१८०८६६९५७	१८०८६६९५७	१२५८४०१८०	१२५८४०१८०	
			३२००० वित्तीय सम्पत्ति	२५००००	०	०	०	०	
			घ. अन्य भूक्तानी	१९५११५०	३५३८५९१	३५३८५९१	३७६०२३९३३	३७६०२३९३३	
			कोषहरु	१९५११५०	१३९६२६७	१३९६२६७	०	०	
			धरौटी	०	२१४९३३६	२१४९३३६	४७४९८०६	४७४९८०६	
			कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी		-७०१२	-७०१२			
			ङ. यो वर्षको बचत (न्युन)	-२३७१५८६२५	-८३०६९१०९	-८३०६९१०९	-३७३१३१८३३	-३७३१३१८३३	
			च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)		५५१२७७३	५५१२७७३	१७७५४८७३६	१७७५४८७३६	
			वर्षान्तको बाकी रकम (ङ + च)	-२३७१५८६२५	-७७५५६३३६	-७७५५६३३६	-१९५५८३०९७	-१९५५८३०९७	
			बैंक तथा नगद बाकी		-७७५५६३३६	-७७५५६३३६	२०४१८५६९५	२०४१८५६९५	
५			**वित्तीय विवरण परीक्षण (स्थानीय तह)**						

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५.१			**वित्तीय प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः	
५.२			**फरक हिसाब** – यस नगरपालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा नगरपालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु. ४,५३,५९,४११।-, यस वर्षको प्राप्ति रु. ११,३२,५२,२२१।-,यस वर्षको भुक्तानी रु. १०,४८,५४,८७८।- र बैङ्क मौज्दात रु. ९,३५,९०,९६८।- फरक परेको छ । सुत्रमा नगरपालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले नगरपालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ .	

विवरण	गतवर्षको जिम्मेवारी	यसवर्षको प्राप्ति	यसवर्षको भुक्तानी	बैङ्क मौज्दात
सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२)	२०५६१२०२२	४६९६८८२६२	५५२७५७३७१	१७११४७३०४
एकीकृत आर्थिक विवरण अनुसार	२५०९७१४३३	५८२९४०४८३	६५७६१२२४८	-७७५५६३३६
फरक	-४५३५९४११	-११३२५२२२१	-१०४८५४८७८	९३५९०९६८

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५.३</td><td></td><td></td><td>वित्तीय विवरणको यथार्थता - नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ ।नगरपालिकाले आर्थिक कारोवार लेखा गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ ।तर नगरपालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. १०३८५२९४२।- र गरिबसँग विश्वेश्वर कार्यक्रमको रु. ४५५०००।- समेत गरी रु.१०४३०७९४२।- सुत्रमा लेखा राखेको छैन । जसले गर्दा सुत्र प्रणालीवाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा वित्तीय विवरणले नगरपालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ नगरपालिकामा हुने सवै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>५.४</td><td></td><td></td><td>बैङ्क हिसाव विवरण - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार नगरपालिकाको कारोवार, आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण अनुसार राख्नु पर्ने व्यवस्था छ । नगरपालिकाले म.ले.प.फा.नं.२१२ तयार गरी बैङ्क हिसाव विवरण भिडान गरेको देखिएन । नगरपालिकाले बैङ्क हिसाव विवरण तयार नगरेको कारण निम्नानुसारको रु. ५१५२३६३ खातामा स्रेस्ता र वर्षान्तको बैङ्क मौज्दातमा देहाय अनुसार फरक परेको छ ।
<table>
<tr><th>क्र.स.</th><th>कोष/खाता</th><th>शुरुकोमौज्दात</th><th>श्रेस्ताअनुसार अन्तिम मौज्दात</th><th>वैकअनुसार अन्तिम मौज्दात</th><th>फरक</th></tr>
<tr><td>१</td><td>ग १.१ -आन्तरिक राजस्व खाता</td><td>९६३५७४४</td><td>१३८९०६८४</td><td>१३८९०६८४</td><td>०.००</td></tr>
<tr><td>२</td><td>ग १.२ -बाँडफाँडबाट प्राप्त राजस्व खाता</td><td>८५२२१९८६</td><td>२६८९९८१९</td><td>२६८९९८१९</td><td>०.००</td></tr>
</table></td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

३	ग १.३ -आन्तरिक अनुदान खाता	०	८०९६५००	८०९६५००	०.००
४	ग २.१ -चालू खर्च खाता-विजोर वर्ष	०	३०१७५९७५	३०९७६८२४	-८००८४९
५	ग २.३ -पूँजिगत खर्च खाता	०	५३८५३०४३	५४९८७०५१	-११३४००८
६	ग २.७ -विविध खर्च खाता	३६०९०३	१३०९८६२	१३०९८६२	०
७	ग ३.१ -स्धानीय तह धरौटी खाता	२९२५९९१	४७४९२१३	७९६६७१९	-३२१७५०६
८	ग ४.१ -स्थानीय तह सञ्चित कोष खाता	९८२३५८९५	२२९४०७०५	२२९४०७०५	०
९	ग ७.२ -स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता	९२३१५०३	९२३१५०३	९२३१५०३	०
कुल जम्मा		२०५६१२०२२	१७११४७३०४	१७६२९९६६७	-५१५२३६३

नगरपालिकाले स्रेस्ता र बैङ्कबीच रु. ५१५२३६३।- मध्ये चेक साट्न बाँकी विवरणमा रु. १८८७९९२।- देखाएको छ । नगरपालिकाले ३२६४३७१।- को म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाव मिलान गर्नुपर्दछ ।

५.५			**दायित्व भुक्तानी** -नगरपालिकाले सबै दायित्व वर्षान्तमा फरफारक गर्नुपर्दछ । नगरपालिकाले तयार गरेको वित्तीय	२७,०१२

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			प्रतिवेदन (म.ले.प.फा.नं २७२) अनुसार वर्षान्त विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर लगायतको रकम दाखिला गर्न बाँकी रु. ७०१२।- r नागरिक सुरक्षित आवासको १ जना लाभग्राहीको चेक नं. १५३३०१३७ को रु.२००००।- समेत २७०१२देखाएको छ । यकिन भई सकेको दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अत: उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.	
६			**बजेट तथा कार्यक्रम (स्थानीय तह)**	
६.१			**बजेट पेश, पारित र अख्तियारी -** स्थानीयतह सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान नगरपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिकाको उप प्रमुखले मिति २०७८।३।१० मा रु. ८९ करोड १८ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७८।६।२० पारित भएको छ । यसैगरी स्थानीयतहका प्रमुखले मिति २०७८।७।३ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । समयमै बजेट पारित गरी अख्तियारी प्रदान दिनुपर्दछ ।	
६.२			**आयोजनाको प्राथमिकीरणः** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा आवधिक योजना बनाई लागु गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू (गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास)लाई गणना प्राथमिकताआधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर नगरपालिकाले आ.व. २०७८।०७९ मा निम्नानुसार ९ वडाको लागि वडागत र नगरपालिका स्तरका कुल ३५० वटा योजनामा वजेट विनियोजन गरेको छ। कार्यक्रमको नाम | योजनासंख्या | **रु२० लाख माथिका** | रु ५-२० | रु५लाख भन्दा कमका**कार्यक्रम** | बजेट रु.	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

		योजना	लाख		हजारमा	शुन्य प्रगति
नगर स्तरिय	१६७	२०	१०७	४०	२७०८००	११३
वडा स्तरिय १	२८	०	३	२५	७१७०	१५
२	३०	०	२	२८	७०९०	८
३	३२	०	६	२६	८४८०	२१
४	२०	०	१०	१०	७३००	४
५	१०	०	५	५	३७५०	४
६	१५	०	१३	२	११३३२	९
७	१२	०	५	७	६८००	२
८	१९	०	४	१५	५०४०	११
९	१७	०	३	१४	६७५०	१०
जम्मा	३५०	२०	१५८	१७२	३३४५१२	१९७

उपरोक्त विवरण अनुसार नगरपालिकाले रु ५. लाख भन्दा कमका साना कार्यक्रमको ४९.१४ प्रतिशत र वितरणमूखी योजनाहरु सञ्चालन गर्दा सञ्चालित योजनावाट प्रतिफल भन्दा चालु प्रकृतिका कार्यमा बढी खर्च भै लागत प्रभावित हुने र निर्माण कार्यको गुणस्तरमा समेत असर पर्ने हुनाले नगरपालिकाले योजना छनौट तथा कार्यान्वयन गर्दा दिगो तथा स्थायित्व हुने योजना छनौट गरी कार्यान्वयन गर्न ध्यान दिनुपर्दछ । साथै यो वर्ष नगर सभाले पारित गरेका ३५० वटा योजना मध्ये १५३ वटा योजनामात्र कार्यान्वयन भइ १९७ वटा योजना कार्यान्वयन हुन सकेको देखिएन । नगरसभाले पारित गरेका योजना कार्यान्वयन हुनुपर्दछ ।

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६.३			**गत विगतको भुक्तानी** : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन ,२०७६ को दफा ९(घ) मा बहुवर्षिय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। नगरपालिकाले नियमित र चालु प्रकृतिका खर्चको गत विगतको ३२ वटा योजनाको भुक्तानी दिन बाँकी दायित्व बजेटमा समावेश गरी रु. ३ करोड ९१ लाख जुन यस वर्ष विनियोजित वजेटको ११.६८ प्रतिशत भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षिय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ नगरपालिकाले ध्यान दिनुपर्दछ।	
६.४			**अबण्डा बजेट** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेसगर्नु पर्ने व्यवस्था छ। यस नगरपालिकाले यो वर्ष भौतिक पूर्वाधार निर्माण तथा मर्मत सम्भारमा अबण्डा बजेट व्यवस्था गरी १० योजनामा रु. ३१०४४८३।- खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यनगरपालिकाको निर्णय बाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।	
६.५			**योजना तथा वजेट कार्यान्वयनः** यस योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु तपशिल बमोजिम रहेका छन । • अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्नेमा नगरपालिका/ नगरपालिकाले सो बमोजिमको मध्यमकालीन खर्चको संरचना तयार गरेको पाईएन । साथै दीगो विकासको लक्ष्यलाई आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागु गरेको देखिएन। • आर्थिक वर्षको अन्त्यमा अत्याधिक पूँजिगत खर्च गर्ने प्रवृत्ति यो वर्ष पनि कायमै रहेको देखियो । कुल पूँजिगत खर्च रु. १८ करोड ८ लाख ६६ हजार भएकोमादोश्रोमा रु. ३ करोड ५२ लाख १० हजार तेस्रोमा रु. २ करोड ७९ लाख ९९ हजार चौथो मा ११ करोड ७६ लाख ५७ हजार र असार महिनामा मात्रै रु. ६ करोड ९६ लाख ३६ हजार खर्च भएको देखिन्छ।वर्षान्तमा खर्च हुने परिपाटी नियन्त्रण हुनु पर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु. १० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दाखरिद गुरुयोजना तयार गर्नुपर्नेमा नगरपालिकाले रु. १८ करोड ८ लाख ६६ हजार खरिद गरेकोमा खरिद गुरुयोजना तयार गरेको पाइएन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७९ तथा नगरपालिकाका विनियोजन ऐन,२०७८ को दफा २ अनुसार यस वर्ष थपघट समेत कार्यपालिकाको निर्णयबाट रु. ६ करोड ६६ लाख ७० हजार रकमान्तर गरेको छ। उक्त रकम वजेटको तुलनामा ८.४२ प्रतिशत हुन्छ। आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटी नियन्त्रण हुनुपर्दछ। बजेट रु. उल्लेखित अवस्थाका कारण नगरपालिकाको वित्तीय व्यवस्थापन कुशल भएको देखिदैन । तसर्थ नगरपालिकाले योजना तथा बजेट कार्यान्वयनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान पर्दछ ।	
७			**पेश्की व्यवस्थापन**	
७.१			**पेश्की बाँकी(नगरपालिका चालु र पुजिँगत)**- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ ।पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्र्यौट नभई रु..२१४९२००।-बाँकी रहेको देखिन्छ । उक्त पेश्की नियमानुसार ब्याज सहित फस्र्यौट गर्नुपर्ने रु...	२,१४९,२००

क्रम	कर्मचारीको/फर्म/संगठन नाम	असुली रकम
७.१.१	अमृता चौधरी	२,००,०००
७.१.२	उमेश प्रसाद साह	१,००,०००
७.१.३	उमेश प्रसाद साह	१,२७,२००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>७.१.४</td><td>निर्मला देबी कुर्मी</td><td>१,००,०००</td></tr>
<tr><td>७.१.५</td><td>प्रदिप कुमार चौरसिया</td><td>३०,०००</td></tr>
<tr><td>७.१.६</td><td>प्रदिप कुमार चौरसिया</td><td>२,००,०००</td></tr>
<tr><td>७.१.७</td><td>प्रदिप कुमार चौरसिया</td><td>५,००,०००</td></tr>
<tr><td>७.१.८</td><td>मन मोहन प्रसाद गौरो</td><td>९०,०००</td></tr>
<tr><td>७.१.९</td><td>मन मोहन प्रसाद गौरो</td><td>९८,०००</td></tr>
<tr><td>७.१.१०</td><td>मन मोहन प्रसाद गौरो</td><td>३,००,०००</td></tr>
<tr><td>७.१.११</td><td>राजेश गौरौ</td><td>९०,०००</td></tr>
<tr><td>७.१.१२</td><td>रामदरस राय</td><td>८४,०००</td></tr>
<tr><td>७.१.१३</td><td>रामदरस राय</td><td>१,५०,०००</td></tr>
<tr><td>७.१.१४</td><td>रीमा चौधरी</td><td>८०,०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७.२</td><td></td><td></td><td>पेश्की बाँकी(गरिवसँग विशेश्वर कार्यक्रम)- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फछर्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्र्यौट नभई रु. २५००००।- बाँकी रहेको देखिन्छ । उक्त पेश्की नियमानुसार फस्र्यौट गर्नुपर्ने रु.</td><td>२५०,०००</td></tr>
<tr><td>७.३</td><td></td><td></td><td>वर्षान्तको पेश्की -आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७८ को नियम ५१ मा आर्थिक वर्षको अन्त्य सम्ममा बजेट फ्रिज हुन नदिने उद्देश्यले कसैलाई पेश्की दिन नमिल्ने व्यवस्था छ । पालिकाले सङ्घीय</td><td>२,८०९,०००</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			सशर्तबाट आर्थिक वर्षको अन्त्यमा कर्मचारीलाई पेश्की दिएको देखियो । उक्त पेश्कीबाट लेखापरीक्षण अवधिसम्म पनि कुनै काम भएको देखिदैन ।तसर्थ वर्षान्तमा फ्रिज गर्नु पर्ने उक्त रकम फ्रिज नगरी दिएको पेश्की दिएको सम्बन्धितबाट ब्याज सहित असुल समेत फिर्ता गरी सञ्चित कोष दाखिला गर्नुपर्ने रु...	

क्रम	कर्मचारीको/फर्म/संगठन नाम	असुली रकम
७.३.१	उमेश प्रसाद यादव	९,००,०००
७.३.२	उमेश प्रसाद यादव	११,७९,०००
७.३.३	श्री दलित मुक्ति आधारभुत विधालय	७,३०,०००

८			**आन्तरिक नियन्त्रण प्रणाली**	
८.१			स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । तर नगरपालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। जसले गर्दा नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन: • नगरपालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन । • नगरपालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन । • सञ्चालित योजनाको सूचनापाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ। • निजामती सेवा ऐन २०४९ बमोजिम यस पालिकाकामा कार्यरत २० जना कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमन वापत रु.२१ लाख ९२ हजार खर्च लेखेकोमा अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलव्धिको मूल्याङ्कन गरेको छैन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ पालिकाले रु.२४ लाख ५५ हजार खर्च गरेको छ । खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ । • नगरपालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो । • नगरपालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन। • संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन । • संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक गरेको छैन। तसर्थ नगरपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
८.२			**आन्तरिक लेखापरीक्षण:** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७(२) मा स्थानीय तहले आर्थिक कारोवारको नियमितता, मितव्ययीता, कार्यदक्षता र औचित्यताको आधारमा प्रत्यक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तारिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था छ। तर नगरपालिकाले यस वर्ष आर्थिक कारोवारको आन्तरिक लेखापरीक्षण गराएको छैन। तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोवारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रणलाई प्रभावकारी र सुदृढ गर्नुपर्दछ।	
९			**सम्पत्ति उपयोग र संरक्षण**	
९.१			**जिन्सीको निरीक्षण प्रतिवेदन कार्यान्वयन :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९४ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने सोको निरिक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । नगरपालिकाबाट प्राप्त जिन्सी निरीक्षण प्रतिवेदनमा २० थान ल्यापटप, २०	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			थान मोटराईकल, २३ थान डेक्सटप कम्प्यूटर, १० थान मोवाईल लगायतको ११३ प्रकारका विभिन्न सामग्री मौज्दात रहेको देखिन्छ। नगरपालिकाले पुर्ण रुपमा PAMS को कार्यान्वयन गरेको छैन। जसबाट गत वितगको मौज्दात र यस वर्ष खरिद भएको सामग्रीको समेत कार्यालयमा कति मुल्यको सम्पत्ति रहेको छ सोको एकिन हुन सकेन। कार्यालयले लिलाम गर्नुपर्ने सामग्री लिलाम नगर्दा र मर्मत गर्नुपर्ने सामग्री मर्मत नगराएवाट प्रयोगविहिन रहेको देखिन्छ। मर्मत गर्नुपर्ने सामग्रि मर्मत गरी प्रयोगमा ल्याउने र लिलम गर्नुपर्ने सामान नियमावलीको प्रकृया पुर्याई लिलाम गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।	
९.२			**सहायक जिन्सी खाता:** नगरपालिकाले सहायक जिन्सी खाता राख्ने गरेको छैन। २० थान ल्यापटप, २० थान मोटराईकल, २३ थान डेक्सटप कम्प्यूटर, १० थान मोवाईल लगायतको ११३ प्रकारको जिन्सी सामग्री मौज्दात रहेकोमा सहायक जिन्सी खाता नराख्दा एक जना कर्मचारीले १ भन्दा वढी जिन्सी सामग्री राख्न सक्ने तथा जिन्सी सामग्रीको दुरुपयोग हुन सक्ने देखिन्छ। ल्यापटप, मोटराईकल, डेक्सटप कम्प्यूटर, मोवाईल लगायतको जिन्सी सामग्रीको PAMS सहायक जिन्सी खाता अद्यावधिक गरी प्रयोगको सुनिश्चितता गर्नुपर्दछ।	
९.३			**पदाधिकारीलाई मोबाईल सेट:** पर्सागढी नगरपालिका आर्थिक कार्यविधि ऐन, २०७८ को दफा २४ मा नगरपालिकाको निर्वाचित प्रतिनिधिले आफु जिम्मा भएको कागजात तथा जिन्सी सामान आफ्नो पदावधि समाप्त हुनु भन्दा ३ महिना अगाडि फिर्ता बुझाई सोको प्रमाण लिनुपर्ने यदि पदाधिकारीले आफ्नो जिम्मा भएको भएको नगद, जिन्सी सामान आफ्नो पदावधि समाप्त हुदाँ पनि फिर्ता नबुझाएमा सरकारी बाँकी सरह मानी असुल गराउने व्यवस्था छ। नगरपालिकाले अनुसूची खण्डमा रहेका पदाधिकारीले आफुले अनुमोदन गरेको कानूनको पालना नगरी पदाधिकारीहरुलाई वितरण गर्न यस वर्ष एकमुष्ट खरिद भएका ५० थान स्यामसुङ्ग मोबाईल खरिद गरी रु.७४८१००।- भुक्तानी दिएको छ। खरिद गरेको उक्त ५० थान र समय समयमा खरिद गरेका ५ थप मोबाईको रु. ८० हजार समेत गरी रु. ८,२८,१००।- पदाधिकारीलाई दोहोरो पर्ने गरी समेत वितरण गरेको देखियो। पदाधिकारीले आफ्नो पदावधि सकिएपश्चात उक्त मोबाईल नगरपालिकामा फिर्ता दिनुपर्नेमा लेखापरीक्षणको अवधि सम्म फिर्ता गरेको पाइएन । उक्त मोबाईलको लागत मूल्य असुल गर्नुपर्ने रु... **(विस्तृत विवरण अनुसूची -१ समावेश छ।)**	८२८,१००
१०			**संगठन तथा कर्मचारी व्यवस्थापन**	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१०.१</td><td></td><td></td><td>तलवी प्रतिवेदन- निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । नगरपालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ३५ कर्मचारीको रु.१८१३८३६७, शिक्षातर्फ १७२ शिक्षकहरुको रु.६०७४७८४४ र पालिकाका २० कर्मचारीको रु.१०९५३९२८ समेत रु.८९८४०१३९ खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१०.२</td><td></td><td></td><td>करार कर्मचारी: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । नगरपालिकाले उल्लेखित पदहरुमा बाहेक नायव सुव्वा तथा खरिदार पदमा ५ कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु. २००४७३० भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत देखिदैन। यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>आईसोलेसन खर्च: नगरपालिकाले गत वर्ष विभिन्न होटलमा आईसोलेसन सेवा संचालन गरेको उल्लेख गरी देहायका होटललाई आईसोलेसन खर्च बापत रु.१८६९९३९।- भुक्तानी दिएको छ। कुन होटलमा कति अवधि बिरामी बसेका थिए आईसोलेसन संचालन गरेको चिकित्सकको विवरण तथा प्रेस्किसन विवरण पेश गरेको छैन। उक्त समयमा कति कोभिड संक्रमित बिरामी आईसोलेसनमा रहेर के कति चिकित्सकले सेवा प्रदान गरे एकिन छैन। होटलहरुले पेश गरेको विलको आधारमा आइसोलेसन संचालन भएको थियो र पेश भए अनुसारको खर्च विवरण यथार्थ हो भनि एकिन गर्न सक्ने आधार भएन। बिरामओको होटलबास तथा खाजा खानाको खर्च, चिकित्सकको होटल बास तथा खाजा खाना खर्च र आईसोलेसन संचालन भएको एकिन हुने विवरण खुल्ने प्रमाणित प्रमाण एकिन गरेर मात्र भुक्तानी दिनुपर्दछ।
<table>
<tr><td>भौचर मिति</td><td>अवधि</td><td>भुक्तानी पाउनेको विवरण</td><td>विवरण</td><td>रकम</td></tr>
</table></td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

२२-०७८।७।२२	२०७८।१।२८ देखि ०७८।३।१४	होटल साह दरवार		४७०३६९
३९-०७८।७।२३	नखुलेको	होटल कुमु प्रेस प्रा लि विरगंज		५०००००
४०-०७८।७।२३	नखुलेको	होटल सगुन	४० थान पान विल पेश भएको	५०००००
२६-०७८।७।२२	२०७८।२।१ देखि २०७८।२।१२ को अवधिमा १५ दिन	संजय होटलमा	१२ जना विरामि २२ थान पान विल पेश भएको	३९९५७०
		जम्मा		१८६९९३९

१२			**आर्थिक सहायता र वितरण**	
१२.१			**आर्थिक सहायता -** नगरपालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। तर नगरपालिकाले यो वर्ष मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न ७३ जना व्यक्तिहरुलाई रु.७७३०५९ आर्थिक सहायता वितरण गरेको छ । वितरित सहायताको औचित्य पुष्ट्याई गरेको छैन । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।	
१२.२			**वितरणमुखी खर्च-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले विपद व्यवस्थापन, आर्थिक सहयोग जस्ता शिर्षकबाट ह्याण्ड पम्प, साडी, पोषण सामग्री, स्प्रे ट्याङ्की लगायतका सामग्री सोझै खरिद गरी रु.८७८६९९५ भुक्तानी दिएको छ। खरिद गरेको सामाग्री मध्ये अधिकांश सामग्री वितरणको भरपाई पेश भएको छैन। कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन । तसर्थ यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित गरी पारदर्शी तवरले गर्नुपर्दछ । वितरणमुखी खर्चलाई भने नियन्त्रण गर्नुपदर्छ । साथै उक्त सामग्री सम्बन्धित लाभग्राहीले बुझेको भरपाई नगरपालिकाले संलग्न नगरेको हुदा लाभग्राहीको परिचय पत्र नम्वर तथा सम्पर्क नम्वर खुल्ने कागजात लगायत वितरणको भरपाई पेश गर्नुपर्ने	८,७८६,९९५

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			रु..	

भौचर मिति	विवरण	सप्लायर्स	परिमाण	रकम
२९-०७८।७।२२	पोषण सामग्री खरिद	नेपाल स्वास्थ्य फुड ईन्डस्ट्रि	१८५१	४९९७७४
६२-०७८।८।१	गर्भवति महिलालाई हाईजिग किट	शिवदुलारी सप्लायर्स	२५०	४८०२५०
१९५-०७८।९।१२	साडी वितरण	गणेश ट्रेड सेन्टर	१२१	९८६१५
२६३-०७८।१०।५	३० थान ह्याण्ड पम्प खरिद	ए टु जेट सप्लायर्स	३०	४८३४०१
३०९-०७८।१०।१२	स्कुल व्याग खरिद वडा नं ५	आयुश्री ट्रेडर्स एण्ड सप्लायर्स	१०००	४९९९१२
३१०-०७८।१०।१२	कम्वल वितरण वडा नं ५	श्रेष्ठ सप्लायर्स	४४२	४९९४६०
३४७-०७८।११।४	ह्याण्ड पम्प खरिद	रुवि ट्रेड एण्ड सप्लायर्स	३८	४८५१६३
३७६-०७८।११।१०	कम्वल वितरण	श्रीयम सप्लायर्स	१७६	१९८८८०
३८२-०७८।११।१३	पशु औषधि वितरण वडा नं ६	जय माँ भवानी भेट कन्सर्न	१३६०	४९९५८०
४०८-०७८।११।२३	गाई भैसिका दाना खरिद	अन्जली जेनेरल सप्लायर्स	६१२५	३५५२५०
४३०-०७८।११।२७	खेलकुद सामग्री खरिद वडा नं ५	आयुश्री ट्रेडर्स एण्ड सप्लायर्स		९९८९२
४५४-०७८।१२।१	ह्याण्ड पम्प खरिद वडा नं ४	एटुजेट सप्लायर्स	१९	२३६९९९
४९७-०७८।१२।२०	स्प्रे ट्याङ्की खरिद	बिसु सप्लायर्स	६३	१९८१३५

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>५००-०७८।१२।२१</td><td>चापाकल खरिद</td><td>स्नेहा एण्ड निखिल सप्लायर्स</td><td>३८</td><td>४८५०१०</td></tr>
<tr><td>५०१-०७८।१२।२२</td><td>प्लास्टिक कुर्चि वडा नं ९ जनजाति टोलमा वितरण</td><td>श्रीयम सप्लायर्स</td><td>१२६</td><td>९९६६६</td></tr>
<tr><td>५०२-०७८।१२।२२</td><td>मास्क सेनिटाईजर वितरण वडा नं ९</td><td>आयुश्री ट्रेडर्स सप्लायर्स</td><td></td><td>१९९५५८</td></tr>
<tr><td>५१९-०७८।१२।२९</td><td>भेटनरी औषधी वितरण</td><td>मा भवानी भेट फर्म</td><td>१६३२</td><td>३९९१३६</td></tr>
<tr><td>७१३-०७९।३।७</td><td>ह्याण्ड पम्प वितरण वडा नं ६</td><td>पि प्रजापति सप्लायर्स</td><td>३८</td><td>४८३९७९</td></tr>
<tr><td>७२०-०७९।३।७</td><td>ह्याण्ड पम्प वितरण वडा नं ७</td><td>पि प्रजापति सप्लायर्स</td><td>२२</td><td>३९०४५२</td></tr>
<tr><td>७२१-०७९।३।७</td><td>खेलकुद सामग्री वडा नं ७</td><td>जितेन्द्र प्रसाद चौहान</td><td>विभिन्न सप्लायर्सको टुक्रा विल</td><td>९९४५०</td></tr>
<tr><td>७७२-०७९।३।१९</td><td>फुटवल तथा भलिवल लगायत खेलकुद सामग्री</td><td>बिद्या एण्ड सन्स सप्लायर्स</td><td>६०</td><td>४९९९६८</td></tr>
<tr><td>८२५-०७९।३।२५</td><td>स्प्रे ट्याकी</td><td>लखनी ट्रेडर्स</td><td>९९६</td><td>९९६०००</td></tr>
<tr><td>६५६-०७९।२।१९</td><td>वडा नं ९ मा ग्यास वितरण</td><td>५०</td><td>सुनिता सप्लायर्स</td><td>४९८४६५</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td></td><td>८७८६९९५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१२.३</td><td></td><td></td><td>अनुत्पादक खर्च: आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ८१ मा कार्यालयले आफ्नो कामको प्रकृति अनुसार खर्चलाई मितव्ययी एवं कामलाई गुणस्तरीय बनाउन आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले यस वर्ष मन्दिरमा पुजा लगाउदा, छटघाट निर्माण गर्दा महोत्सव गर्दा सुभकामना व्यानर छपाई लगायतको खर्च गरेको उल्लेख गरी विभिन्न व्यक्तिलाई रु.१८५०४७४ भुक्तानी दिएको छ। उक्त खर्चको श्रेस्ता परीक्षण गर्दा भोजमा आवश्यक पर्ने सामग्री खरिद गरेको, खाना</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			पकाउनेलाई ज्याला भुक्तानी दिएको, टेन्टको लागि भुक्तानी दिएको लगायतका विभिन्न किराना पसलका टुक्रा विलहरु पेश भएको देखियो। यस प्रकारको भोज भतेरमा हुने फजुल खर्चमा नियन्त्रण गरी खर्चलाई मितव्ययीता कायम गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।	

भौ.नं. मिति	विवरण	भुक्तानी पाउने	खर्च विवरण	भुक्तानी रकम
	२०७८ फाल्गुण १० देखि फाल्गुण १९ सम्म लक्ष्मी नारायण पुजा संचालन गर्न लक्ष्मी नारायण महायज्ञ	लक्ष्मी नारायण महायज्ञ समिति	राज टेन्ट हाउसको रु.५ लाखको २ थान पान विल	५०००००
५२३-०७८।१२।२९	वडा नं ९ मा छट घाट निमाणको लागि पर्दा सिलाई	किरण सप्लायर्स	पर्दा सिलाईको विल	४४२५०८
५८०-०७९।१।२२	पर्सागढी महोत्सव	प्रदिप कुमार चौरसिया	विभिन्न टुक्रा विलहरु	५३४०००
६८८-०७९।२।३०	वडा नं ४ वडा उदघाटन खर्च	फिरोज अंसारी	विभिन्न टुक्रा विल	३७३९६६
		जम्मा		१८५०४७४

१३			**सुरक्षित नागरिक आवास कार्यक्रम(संघीय पुजिँगत)**	
१३.१	२०	२०७९-३-२५	**कार्यविधि विपरित अनुदानः** सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि २०७५ को दफा ३मा गरिबीको रेखामुनी रहेका घरपरिवार जस्तै घरको छाना पराल, खर , स्याउल , आसबेसट्स, विटुमिन ड्रम वा यस्तै प्रकृतिका आगो, पानी तथा हुरीबाट सहजै प्रभावित हुने घर तथा विपदमा परेका लाभग्राहीलाई जस्तापाताको लागि अनुदान दिने व्यवस्था	२५०,०००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>गरेको छ । साथै दफा ६ झुठा विवरण तथा अन्य प्रयोजनमा खर्च गरेमा लाभग्राहीबाट अनुदान रकम असुल उपर गर्ने व्यवस्था छ । पालिकाले अनुदान दिई सम्पन्न भएका वडा नं. २ र ३ केहीँ नमूना परीक्षण गरी भवनको फोटो परीक्षण गर्दा लाभग्राहीहरुलाई कार्यविधि विपरित अनुदान भुक्तानी गरेको देखियो । वास्तविक लाभग्राहीहरुले अनुदान प्राप्त गरे नगरेको अनुगमन गरी कार्यविधि विपरित अनुदान दिएको नियम सम्मत नदेखिएको रु.
<table>
<tr><td>क्र.स.</td><td>नाम</td><td>वडा नं.</td><td>रकम रु.</td></tr>
<tr><td>१</td><td>पार्वती आचार्य</td><td>३</td><td>५००००</td></tr>
<tr><td>२</td><td>अशोक परियार</td><td>३</td><td>५००००</td></tr>
<tr><td>३</td><td>चन्द्र बहादुर कामी</td><td>२</td><td>५००००</td></tr>
<tr><td>४</td><td>झउरी देवी गोढी</td><td>३</td><td>५००००</td></tr>
<tr><td>५</td><td>सिताराम विश्वकर्मा</td><td>३</td><td>५००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>२५००००।-</td></tr>
</table></td><td></td></tr>
<tr><td>१३.२</td><td></td><td></td><td>सुरक्षित नागरिक आवासः सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ को दफा ६ मा किस्ता बमोजिम अनुदान उपलब्ध गराईएको तीन महिना भित्र कार्य प्रगति नभएमा लाभग्राहीबाट अनुदान रकम स्थानीय तहले असूल उपर गर्ने व्यवस्था छ । नगरपालिकाले प्रति लाभग्राही रु. २००००।- का दरले ४९ जनाको रु. ९८००००।- वितरण गरेकोमा लेखापरीक्षण अवधि सम्म कुनै पनि लाभग्राहीहरुको कार्य प्रगति नभएकोले अनुसूचीमा संलग्न विवरण अनुसार निर्माण भएको प्रमाण पेश गर्नु पर्ने अन्यथा असूल गरी संघीय संचित कोष दाखिला गर्नु पर्ने रु.</td><td>९८०,०००</td></tr>
<tr><td>१४</td><td></td><td></td><td>वडा अध्यक्ष दोहोरो भुक्तानी: मधेश प्रदेश स्थानीय तहका पदाधिकारीको सेवा सुविधा सम्न्धी ऐन, २०७७ मा वडा</td><td>५४,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>अध्यक्षहरुले यातायात सुविधा वा ईन्धन खर्च मध्ये कुनै एउटा सुविधा पाउने व्यवस्था छ। नगरपालिकाले जेष्ठ र आषाढ महिनामा पदाधिकारी सुविधा भुक्तानी दिदा वडा अध्यक्षहरुलाई यातायात सुविधा मासिक रु.१० हजारका दरले भुक्तानी दिए पश्चात पुन ईन्धन वापत रु.३०००।-का दरले भुक्तानी दिएको देखियो। ईन्धन बापत दिएको थप रकम असुल गर्नुपर्ने रु...
<table>
<tr><td>विवरण</td><td>पदाधिकारी</td><td>रकम रु.</td></tr>
<tr><td>वडा अध्यक्ष वडा नं १</td><td>राज कपुर खवाँस</td><td>६०००</td></tr>
<tr><td>वडा अध्यक्ष वडा नं २</td><td>विरेन्द्र प्रसाद महतो थारु</td><td>६०००</td></tr>
<tr><td>वडा अध्यक्ष वडा नं ३</td><td>सुकमान तामाङ्ग</td><td>६०००</td></tr>
<tr><td>वडा अध्यक्ष वडा नं ४</td><td>शेख खुर्सेद</td><td>६०००</td></tr>
<tr><td>वडा अध्यक्ष वडा नं ५</td><td>नितेश मिश्रा</td><td>६०००</td></tr>
<tr><td>वडा अध्यक्ष वडा नं ६</td><td>नवल किशोर प्रसाद कलवार</td><td>६०००</td></tr>
<tr><td>वडा अध्यक्ष वडा नं ७</td><td>शंकर राय भर</td><td>६०००</td></tr>
<tr><td>वडा अध्यक्ष वडा नं ८</td><td>सुन्दरी देवी थरुनी</td><td>६०००</td></tr>
<tr><td>वडा अध्यक्ष वडा नं ९</td><td>राम वढाई प्रसाद यादव</td><td>६०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>५४०००</td></tr>
</table></td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>बहालकर - आयकर ऐन, २०५८ को दफा ८८ मा बहाल कर बापत १० प्रतिशतका दरले कर लाग्ने व्यवस्था छ । नगरपालिकाले वडा नं ९ का कर्मचारी पदाधिकारी अवलोकन भ्रमण खर्चको लागि गाडी भाडा वापत मनोज प्रसाद</td><td>१२,८४०</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			गौरलाई रु.१२८४००।- भुक्तानी दिएको छ। निजले गाडी भाडा वापत भुक्तानी दिदा रु.१२८४० भाडा कर कट्टी गरी भुक्तानी दिएकोमा कट्टा गरेको कर रकम बैंक दाखिला गरेको देखिएन। कट्टी गरेको कर रकम असुल गर्नुपर्ने रु.	
१६			**नगरपालिका चालु**	
१६.१			**इन्धन खर्च** : प्रदेश खर्च मापदण्ड निर्देशिका २०७७ को दफा १७ अनुसुची ४ र मधेश प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदश्यले पाउने सुविधा सम्वन्धी ऐन,२०७७ बमोजिम पदाधिकारी, कर्मचारी र कार्यालय प्रयोजनको लागि मापदण्ड बमोजिम ईन्धन खर्च गर्नुपर्ने व्यवस्था छ। सवारीको प्रयोग, ईन्धन तथा अन्य उपभोग्य वस्तुको खपत र सोको नियन्त्रण गर्न मलेप फारम ९०५ अनुसार सवारिसाधन मेसिन प्रयोगको लगवुक राख्ने व्यवस्था छ। नगरपालिकाले व्यवस्थित तरिकाले लगवुक राखेको देखिदैन। नगरपालिकासँग देहायको बमोजिम चारपाङ्ग्रे तथा दुई पाङ्ग्रे सवारी साधनमा १२ महिनामा उल्लेखित सुविधा तथा नर्म्स अनुसार रु.१६,४२,०००।- खर्च हुनुपर्ने देखिन्छ। नगरपालिकाले ईन्धन खर्चमा यस वर्ष रु.५८१६९३८ खर्च लेखेको छ। नर्म्स अनुसार ईन्धनमा निम्नानुसार खर्च हुनुपर्ने देखिन्छ।	

विवरण	मापदण्ड अनुसार लि.	वार्षिक खर्च	औषत दर	रु. मा
कार्यालय प्रयोजनको गाडि	डिजल २०० पेट्रोल १५०	४२००	१५०	६३००००
२४ मोटरसाईकल	१०	२८८०	१५०	४३२०००
नगरप्रमुखले पाउने सुविधा	१५०	१८००	१५०	२७००००
नगर उपप्रमुखले पाउने सुविधा	१५०	१८००	१५०	२७००००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>मोविल तथा अन्य</td><td>प्रति ३ महिना १० लि.</td><td>४०</td><td>१०००</td><td>४००००</td></tr>
<tr><td></td><td>वित्तीय विवरणमा खर्च रकम</td><td></td><td></td><td>१६४२०००</td></tr>
</table>
कार्यालयमा १ थान जे. सि. वि., २ थान ट्याक्टर र ३ थान एम्वुलेन्स चालु हालतमा छन। नगरपालिका मार्फत उपकरण चालकलाई उक्त उपकरणमा प्रयोग भएको इन्धनको लकवुक र परिचालन भएको विवरण माग गर्दा कार्यालयबाट पेश भएन। कार्यालयको सवारी साधन तथा उपकरणको प्रयोग र इन्धन खर्चको स्वीकृत नर्म्स र खर्च बीच तादम्यता मिल्ने देखिदैन। नगरपालिकाले बजेट विनियोजन गर्दा पदाधिकारी इन्धन र कार्यालय प्रयोजन इन्धनको विवरण अलग अलग राखी विनियोजन नगरेकोले के कति कारणले मापदण्ड भन्दा वढी रु.४१७४९३८ को इन्धन खर्च भयो एकिन गर्न सकिएन। नगरपालिकाले यसतर्फ ध्यान दिई ईन्धन खर्चमा नियन्त्रण गरी मापदण्ड भित्र रहेर इन्धन खर्च गर्ने तर्फ जोड दिनुपर्दछ।
</td><td></td></tr>
<tr><td>१६.२</td><td></td><td></td><td>मर्मत सम्भार तथा संरक्षण अभिलेख: सार्वजनिक सम्पत्तिको गुणस्तरयुक्त प्रभावकारी मर्मत सम्भार तथा संरक्षण कार्य व्यवस्थित गरी संचालन तथा संरक्षण गर्ने उदेश्यले म.ले.प.फा.नं ४१४ र ४१५ अनुसारको ढाँचामा मर्मत सम्भार अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ। नगरपालिकाले यस वर्ष विभिन्न सामानको मर्मत खर्च वापत रु.३४१५१३०।- भुक्तानी दिएकोमा सोको व्यवस्थित खर्चको लागि मर्मत अभिलेख खाता राखेको पाईएन। अभिलेख नराखेकाले एउटै सामान बारम्वार मर्मत हुनाले एउटै साधनको एकै प्रकारको सामान फेरिएको हुन सक्ने सम्भावना रहन्छ। लेखापरीक्षणको क्रममा १५ वटा भुक्तानीको गोश्वारा भौचर परीक्षण गर्दा एउटै सवारी साधन पटक पटक मर्मतको विल पेश गरेको, मर्मतको टुक्रा विल पेश गरेको आधारमा व्यक्तिलाई भुक्तानी दिएको, मर्मत आदेश स्वीकृत नगरेको जे. सि. वि.को प्रयोग र परिचालनको अभिलेख लकवुक नराखेको तर मर्मतको भुक्तानी दिएकोले प्रयोग विनाको मर्मत खर्च लेखेको सान्दर्भिक देखिएन । नियम अनुसार मर्मत अभिलेख राख्ने र मर्मत अभिलेखको आधामा खर्च गरी सम्बन्धित पार्टीलाई भुक्तानी दिने तथा सम्पत्तिको संरक्षण तथा खर्चमा नियन्त्रण गर्नुपर्ने देखिन्छ। सवारी साधन मर्मत खर्चको केहि उदाहरण निम्नानुसार छन्:</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

भौ.नं. र मिति	विवरण	भुक्तानी पाउने	रकम
२०-०७८।७।२२	कार्यालय सवारी साधन मर्मत	सिप्रदि ट्रेडिङ प्रा ली	१७१६३३
२२०-०७८।९।२५	जे.सि.वि. मर्मत	एम ए डव्लु अर्थत्र	१९७५४५
२२३-०७८।९।२५	जे.सि.वि. मर्मत	जैरुल हक	११५९८४
२६४-०७८।१०।५	कार्यालय सवारी साधन मर्मत	साजिद ईन्टरनेशनल	३१३९१४
३९६-०७८।११।१६	कार्यालय सवारी साधन मर्मत	हरिलाल महतो धानुक	४२९१०
४५१-०७८।१२।१	एम्वुलेन्स मर्मत	आर के ट्रेडिङ्ग सप्लायर्स	४२५०७२
५१३-०७८।१२।२९	कार्यालय सवारी साधन मर्मत	वालाजु अटो वर्क	२३९०५६
५४४-०७८।१।७	एम्वुलेन्स मर्मत	नवदुर्गा मोटर्स	५८९००
५४५	एम्वुलेन्स मर्मत	मनकामना मोटर्स	४०७६४
५४८	मोटरसाईकल मर्मत	नका मोटरसाईकल मर्मत ३५ थान पान विल	२६३८४०
५६२-०७९।१।१४	कार्यालय सवारी साधन मर्मत	राजेश ईन्टरप्राईजेज	१९०६२३
५७४-०७९।१।२१	१६८१ गाडि मर्मत	मनोकामना मोटर्स	४७६९१
६२५-०७९।२।६	गाडि मर्मत	साजिद ईन्टरनशनल	५३५६२

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>६२८-०७९।२।६</td><td>९५६ गाडि मर्मत</td><td>कुशवाहा स्पेयर्स पार्ट</td><td>५६६१३</td></tr>
<tr><td>६९८-०७९।३।२</td><td>ट्याक्टर मर्मत</td><td>कविर अटो सप्लायर्स</td><td>५८५३३</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>२२७६६४०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१६.३</td><td></td><td></td><td>
दर विश्लेषण: नगरपालिकाले पालिका भित्र संचालन हुने तालिम, गोष्ठि, सेमिनार लगात कार्यक्रमको लागि खाजा, खाना खर्च, कक्षा संचालनको प्रशिक्षक तथा सहायक प्रशिक्षक भत्ताको दर रेट नगरसभावाट निर्धारण गरी सोहि दर लागु गरेको छ। नगरपालिकाले खर्च मापदण्ड पारित नगरी नगरसभाले निर्धारण गरेरको दरलाई लागु गरेको देखियो । जुन दर मधेश प्रदेश खर्च मापदण्ड निर्देशिका २०७७ भन्दा देहायबमोजिम वढी दर कायम गरी खर्च गरेको देखियो। नगरपालिकाले यस वर्ष विभिन्न गैह्र सरकारी संस्थाबाट अभिमुखिकरण तालिम कार्यक्रम, सेमिनार, सडक नाटक जस्ता कार्यक्रम संचालन गरी कुल रु. खाजा, खाना र प्रशिक्षक बापत रु.२४७२५९०५ खर्च लेखेको देखियो। तालिम, अभिमुखिकरण कार्यक्रममा औषतमा रु.९८९०३६२ रकम खाजा, खाना र प्रशिक्षण भत्तामा खर्च गरेको छ। जुन कुल खर्चको ४० प्रतिशत हुन आउछ। प्रदेश खर्च मापदण्ड अनुसारको दर निर्धारण गरी खर्च गरेको अवस्थामा नगरपालिकाले संचालन गरेको कार्यक्रममा रु.२४७२५९० मात्र खाजा खाना र प्रशिक्षण भत्तामा खर्च हुने देखिन्छ। यसरी प्रदेश खर्च मापदण्ड भन्दा वढी दर निर्धारण गरी कार्यक्रम संचालन गर्दा यस वर्ष नागरपालिकालाई रु.७४१७७७१ थप व्ययभार परेको देखियो। नगरपालिकाले प्रदेश रस्थानीय दर मापदण्डमा एकरुपता कायम गरी स्थानीय खर्च मापदण्ड निर्देशिका तयार गरी लागु गर्नुपर्दछ।
<table>
<tr><th>क्र.स.</th><th>विवरण</th><th>प्रदेश मापदण्ड अनुसार</th><th>नगरपालिकाको दर</th><th>बढी दर</th><th>वढी प्रतिशत</th></tr>
<tr><td>१</td><td>खाजा, खाना प्रति दिन</td><td>२५०</td><td>९००</td><td>५५०</td><td>२२० %</td></tr>
<tr><td>२</td><td>मुख्य प्रशिक्षक प्रति कक्षा</td><td>८००</td><td>५०००</td><td>४२००</td><td>५२५ %</td></tr>
</table>
</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			३ | सहायक प्रशिक्षक प्रति कक्षा | ६०० | ३००० | २४०० | ४००%	
१६.४			**कृषि उपकरण खरिद:** नगरपालिकाले कृषि उपकरण एरिएटर ३० सेट र वाटर पम्प २९ सेट खरिद गरी कवित एग्री प्रा. लि. लाई रु.३१४४७५० भुक्तानी दिएको छ। लेखापरीक्षणको अवधिसम्म खरिद भएका समाग्री वितरण भएको छैन। सामग्रीको आवश्यकता पहिचान गरेर सम्भावित लाभग्राही छनौट गरेरमात्र कृषि उपकरण खरिद गर्नुपर्नेमा खरिद गरेको कृषि उपकरण वितरण नगरी स्टोरमा राखेबाट उपकरण प्रयोग विहिन हुने देखिन्छ। कृषि उपकरण वितरणकोलागि निश्चित कार्यविधि नवनाई खरिद गर्दा वितरणमा समश्या देखिन्छ। उपकरण वितरणको लागि कार्यविधि तयार गरी लाभग्राहीको छनौट गरेर सम्वन्धित लाभग्राहिलाई वितरण गरी सोको प्रमाणित भरपाई, लाभग्राहीको परिचय पत्र नम्वर तथा सम्पर्क नम्वर खुल्ने कागजात लगायत वितरणको भरपाई पेश गर्नुपर्ने रु..	३,१४४,७५०
१६.५			**सवारी साधन भाडा:** सार्वजनिक खर्च मितव्ययिता निर्देशिका २०७८ को नियम ९ मा सार्वजनिक निकायले सवारीसाधन संचालन गर्दा मितव्ययी ढंगबाट संचालन गर्नुपर्न व्यवस्था छ। साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमितहुने गरी टुक्रा टुक्रा गरी खरिद गर्नु नहुने व्यवस्था छ। नगरपालिकामा ३ वटा सवारीसाधन चालु अवस्थामा मौजुदा रहेको अवस्थामा विभिन्न समयमा पटक पटक सोझै गाडी भाडामा लिई अवधि र प्रयोजन नखुलाई भुक्तानी दिएको छ। उल्लेखित नियमको पालना नगरी सम्झौता विना सवारी भाडा वापतको रु.५७४५०० भुक्तानी गरेको देखिन्छ । सवारी साधन भाडामा लिदा सम्झौता गरी भाडामा प्रयोग गर्ने र प्रयोग भएको लकवुक राखि खर्च व्यवस्थित गर्ने तर्फ ध्यान दिनुपर्दछ।	
१६.६			**आँखा शिविर संचालन:** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा विल भरपाई तथा खर्च पुष्ट्याई हुने प्रमाण श्रेस्ता सहितको लेखा राख्नुपर्ने व्यवस्था छ। नगरपालिकाले २०७८ पौष २० देखि २२ सम्म आँखा शिविर संचालन गरेको उल्लेख गरी किरण आँखा अस्पताललाई रु.४९८८५० भुक्तानी दिएको छ। अस्पतालले उक्त शिविर संचालनको प्रतिवेदन पेश गरेको छैन साथै विरामिको विवरण तथा चिकित्सकको प्रेस्किप्सन समेत पेश भएको छैन। उक्त शिविर संचालनको प्रतिवेदन विरामिको विवरण तथा चिकित्सकको प्रेस्किप्सन समेत पेश गर्नुपर्ने रु....	४९८,८५०

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१६.७</td><td></td><td></td><td>व्यक्तिलाई भुक्तानी: नेपाल सरकार अर्थ मन्त्रालयले जारी गरेको आर्थिक वर्षको बजेट २०७८।७९ कार्यान्वयन सम्बन्धी मार्गदर्शनको निर्देशन नं ४५ मा सबै प्रकारका कारोवारको भुक्तानी दिदाँ अनिवार्य रुपमा बैंक मार्फत भुक्तानी दिनुपर्ने व्यवस्था छ। नगरपालिकाले यस वर्ष देहायको खर्चको भुक्तानी दिदा सम्बन्धित आपूर्तिकर्ताको बैंक खातामा भुक्तानी नदिई विभिन्न कर्मचारीलाई नगद भुक्तानी दिएको छ। कर्मचारीलाई नगद सोधभर्ना दिदाँ सम्बन्धितले पाएको सुनिश्चित हुन नसक्ने तथा पारदर्शिता समेत देखिएन। बजेट खर्चको भुक्तानी दिदाँ सम्बन्धित व्यक्ति, फर्म वा सप्लायर्सको बैंक खातामा भुक्तानी दिने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ।
<table>
<tr><th>भौ.नं. र मिति</th><th>विवरण</th><th>विल विवरण</th><th>भुक्तानी पाउने</th><th>रकम</th></tr>
<tr><td>१४०-०७८।८।२२</td><td>जेष्ठ नागरीक सम्मानको लागि सामग्री खरिद</td><td></td><td>उमेश प्रसाद साह</td><td>४२२००</td></tr>
<tr><td>१४१-०७८।८।२२</td><td>विभिन्न विलको भुक्तानी</td><td></td><td>उमेश प्रसाद साह</td><td>९७४००</td></tr>
<tr><td>१९३-०७८।९।१२</td><td>वडा कार्यालयमा ईलेक्ट्रिक्लस काम गरेको</td><td>आहाना ईलेक्ट्रिक्लस लगायतको विल</td><td>सुरेश राय भार</td><td>८८८२२</td></tr>
<tr><td>६९२-०७९।२।३१</td><td>कार्यालयमा भएको खर्चको भुक्तानी</td><td>विभिन्न टुक्रा विल पेश भएको</td><td>उमेश प्रसाद साह</td><td>२६८५४७</td></tr>
<tr><td>७६५-०७९।३।१७</td><td>विभिन्न खाजा खानाको विल पेश गरी भुक्तानी</td><td>विभिन्न टुक्रा विल पेश भएको</td><td>उमेश प्रसाद साह</td><td>८६५१५</td></tr>
<tr><td>८४७-०७९।३।२५</td><td>नगरसभामा टेन्ट खर्च</td><td>पर्सागढी टेन्ट हाउसका ६९ देखि ७४ सम्मका ६ थान पान विल</td><td>उमेश प्रसाद साह</td><td>११८८००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td></td><td>७०२२८४</td></tr>
</table></td><td></td></tr>
<tr><td>१६.८</td><td></td><td></td><td>सामग्री खरिदको प्रयोग: नगरपालिकाले विद्यालयको लागि स्यानिटाईजर, व्याग र स्वास्थ्य चौकीको लागि स्वास्थ्य उपकरण खरिद गरी विभिन्न आपूर्तिकर्तालाई रु.१६४६७७१।- भुक्तानी दिएको छ। खरिद भएको सामग्री</td><td>१,६४६,७७१</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सम्बन्धितलाई वितरण तथा हस्तान्तरण गरेको छैन। देहायको सामग्री PAMS मा दाखिला गरी सोहि प्रणालीबाट हस्तान्तरण गरी विद्यालय सामग्री सम्बन्धित विद्यार्थीलाई वितरण गरेको प्रमाणित भरपाई र स्वास्थ्य सामग्री सम्बन्धित स्वास्थ्य चौकीको जिन्सी खातामा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु....
<table>
<tr><th>भौचर मित</th><th>विवरण</th><th>सामग्री परिमाण</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>३६२-०७८।११।६</td><td>विद्यालयको लागि सेनिटाईजर खरिद गरेको वितरण गरेको छैन। स्टोर दाखिला छैन।</td><td>२८४</td><td>१५४०४१</td><td>सामग्री हस्तान्तरण नभएको</td></tr>
<tr><td>६६३-०७९।२।२०</td><td>विद्यालयको लागि स्कुल व्याग लगायत ६ प्रकारको सामग्री</td><td>४०३२</td><td>९९४४००</td><td>सामग्री हस्तान्तरण नभएको</td></tr>
<tr><td>८३९-०७९।३।२५</td><td>गढीमाई जनरल सप्लायर्सबाट मेडिकल औजार खरिद गरेकोमा हस्तान्तर गरेको छैन</td><td>२१७०</td><td>४९८३३०</td><td>सामग्री हस्तान्तरण नभएको</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>१६४६७७१</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>स्वास्थ्य (स्थानीय तह)</td><td></td></tr>
<tr><td>१७.१</td><td></td><td></td><td>औषधी खरिद: नगरपालिकालाई आवश्यक पर्ने औषधीको आवश्यकता वर्षभरिमा प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, उप स्वास्थ्य चौकी एवं पटके शिविरमा तथा विशेष कार्यक्रमको लागि सूचीकृत भएका अत्यावश्यक कार्यालयबाट खरिद भई प्राप्त हुने परिणाम तथा तालुक कार्यालयबाट प्राप्त गरेको औषधिको वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । नगरपालिकाले संघीय शसर्त बजेट उप शीर्षकवाट गढीमाई मेडिहेल्थसँग रु ९९५९००।- र मुक्तिनाथ मेडिको फर्मासँग ६०२५६१।- गरी जम्मा १५९८४६१।- को औषधी र उपकरण खरिद गरी भुक्तानी दिएको छ। कार्यालयले औषधी खरिद गर्दा आवश्यकता पहिचान तथा औषधीको वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधार खरिद गरेको</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			देखिएन । आपूर्तिकर्ताबाट हुने औषधी तथा औषधीजन्य सामाग्रीको Expiry date स्टोर दाखिला समय सम्म कम्तिमा २ वर्ष वाँकी हुनु पर्दछ ।,आपूर्तिकर्ताबाट आपूर्ति औषधी वा अन्य समानको वाहिर Manufacture Date , Expiry Date , Batch no, Manufacture Company को नाम र नेपाल सरकारबाट निशुल्क वितरणको लागि भनि वाक्याशं उल्लेख गर्ने नगरेको, स्टोर दाखिला गर्दा प्रत्येक औषधीको Manufacture Date , Expiry Date , Batch no, Manufacture Company खुलाई दाखिला नगरेको र प्रयोग र मौज्दात समेत यकिन नभएकोले सम्झौताको सर्त अनुसार खरिद व्यवस्थापन गर्नु पर्दछ ।	
१७.२			**न्यानो झोला कार्यक्रम**-स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७८।७९ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शन, २०७८ को दफा १३ (पृष्ठ-१५९) मा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस नगरपालिका अन्तर्गतका २ ओटा बर्थिङ सेन्टरको लागि यस वर्ष ५५५ थान को रु. ४९७२८०।- खरिद गरेकोमा यस वर्ष ३०९ जना मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । नगरपालिकाको भण्डारमा खरिद गरिएका २४६ थान न्यानो झोला मौज्दातमा रहेका छन् । जुन सङ्ख्या यस वर्षको प्रसुति दरका आधारमा बढी रहेको देखिन्छ । साथै खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले आगामी वर्ष मौज्दातमा बाकी रहेका न्यानो झोला वितरण भएपछी मात्र नया न्यानो झोला खरिद गर्नुपर्दछ।	
१७.३			**उपचारात्मक स्वास्थ्य अन्तर्गत नाक कान घाटी तथा मुख स्वास्थ्य सम्बन्धी कार्यक्रम:** उपचारात्मक स्वास्थ्य कार्यक्रम सञ्चालनका लागि स्वास्थ्य मन्त्रालयले जारी गरेको मापदण्ड अनुसार न्युनतम सेवा मापदण्ड तथा कार्यक्रम सञ्चालन तथा सुदृढीकरणमा ६५% र नाक कान घाटी तथा मुख स्वास्थ्य र विद्यालय स्क्रिनिङ कार्यक्रमका लागि ३५% बजेट विनियोजन गर्न सकिने व्यवस्था छ। नगरपालिकाले यस कार्यक्रमका लागि उमेश साहलाई रु. ५४०६५०।- भुक्तानी दिएको छ। खर्च भएको रकम मध्ये रु. १५२३२५।- झाडु, डस्टविन, वि पि सेट	१९८,३०६

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			लगायतका कार्यलय सामान किन्नमा प्रयोग भएको देखिन्छ।जुन सामानहरु अन्य कार्यालय बजेटबाट खरिद गरी जिन्सी दाखिला भएको देखिन्छ । साथै यसरी खरिद भएका सामाग्रीहरुको जिन्सी दाखिला तथा हस्तान्तरण भएको देखिदैन। लेखापरीक्षणमा पेस भएको स्रेस्तामा रु.३४२३४४।- को मात्र बील भरपाईमा संलग्न गरेको देखिन्छ। बील भरपाई भन्दा बढी भएको खर्च रु .१९८३०६।- असुल गर्नुपर्ने रु....	
१८	126	२०७९-२-१८	**स्यानिटरी प्याड**- स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा नगरपालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। नगरपालिका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु १४९३ जना रहेका छन। कार्यविधिले तोकेअनुसार १४९३ छात्राहरुका लागि २९८६० थान स्यानिटरी प्याड खरिद गर्नुपर्ने देखिन्छ। नगरपालिकाले विभिन्न मितिमा दुइ फर्मसँग गरी जम्मा ५०२५२ थान स्यानिटरी प्याड रु २४१७५६८ मा खरिद गरेको देखिन्छ। नगरपालिकाले रु ९६७८०४ मुल्यको २०३९२ थान स्यानिटरी प्याड बढी खरिद गरेको देखिन्छ। नगरपालिकाले पालिकामा बाकी रहेका स्यानिटरी प्याडलाई सुरक्षित रुपमा भण्डारण गरी थप खरिद गर्नु पर्दछ ।	
१९			**सशर्त शिक्षा**	
१९.१			**विद्यालय भौतिक पूर्वाधार निर्माण**- शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं ११.१.२.१ मा प्रत्येक स्थानीय तहले विद्यालय भौतिक पूर्वाधार कार्यक्रमहरु कार्यान्वयन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० अनुसार गर्नु गराउनु पर्ने, स्थानीय तह अन्तर्गतका विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरु स्थानीय तहले आफ्नो प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । साथै राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयनका लागि शिक्षा तथा मानव श्रोत विकास केन्द्रद्वारा मिति २०७९।१।५ च.नं. ६०१ को निर्देशनको बुँदा नं. २ अनुसार प्राप्त कार्यक्रम अनुरुप तोकिएको डिजाइन ड्रइङ तथा लागत अनुमान अनुसार २,४ कोठे भवन निर्माण गर्नुपर्ने व्यवस्था छ । उक्त कार्यक्रमका लागि देहायका विद्यालयलाई रु. ७२ लाख निकासा भएको छ ।	७,२००,०००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>तर विद्यालय निर्माणसँग सम्बन्धित कागजात सम्बन्धित विद्यालयहरुले नगरपालिकामा पेश गरेका छैनन् । तसर्थ निर्माणसँग सम्बन्धित कागजात तथा कार्य सम्पन्न भएको प्रतिवेदन पेश गर्नुपर्ने रु...
<table>
<tr><th>गो.भौ.नं. र मिति</th><th>विद्यालयको नाम</th><th>रकम</th></tr>
<tr><td>९।०७९।३।१</td><td>नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, वडेर्वा</td><td>३६००००० </td></tr>
<tr><td>१७।०७९।३।२१</td><td>नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, बर्वा छोटैली</td><td>१८००००० </td></tr>
<tr><td>१८।०७९।३।२१</td><td>नेपाल राष्ट्रिय आधारभुत विद्यालय, झबराहा</td><td>१८००००० </td></tr>
<tr><td></td><td>जम्मा</td><td>७२००००० </td></tr>
</table></td><td></td></tr>
<tr><td>१९.२</td><td></td><td></td><td>कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान- शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं मा ९.७ व्यवस्था छ । कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानबाट देहायका विद्यालयलाई ।CT ल्याव व्यवस्थापनका लागी रु.६५००००।- का दरले निकासा भएको देखिन्छ।विद्यालय र नगरपालिकाबीच भएको सम्झौता पत्र अनुसार विद्यालयले २०७९ असार मसान्तसम्ममा कार्य सम्पन्न गरी प्रतिवेदन पेश गर्नुपर्ने उल्लेख छ।विद्यालयले कार्यसम्पन्न प्रतिवेदन पेश गरेका छैन।कार्यसम्पन्न गरी प्रतिवेदन पेश गर्नुपर्ने रु...
<table>
<tr><th>क्र.स.</th><th>विद्यालयको नाम</th><th>रकम</th></tr>
<tr><td>१</td><td>जनकहरी हशंवाहिनी आधारभुत विद्यालय</td><td>६५०००० </td></tr>
<tr><td>२</td><td>शहिद ऋतु माझी आधारभुत विद्यालय, पशुपतिनगर</td><td>६५०००० </td></tr>
</table></td><td>१,९५०,००० </td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३</td><td>नेपाल राष्ट्रिय आधारभुत विद्यालय, झबराहा</td><td>६५००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१९५००००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१९.३</td><td></td><td></td><td>बढी तलव निकासा: श्री दलित मुक्ति आधारभुत विद्यालय वकनेर्वा पर्सामा कार्यरत बालविकास शिक्षिका र कार्यलय सहयोगीको तलव वापतको रकम निकासा भइसकेकोमा स्कुलको निवेदनको आधारमा रु २४००००।थप निकासा भएकोमा बढी भएको तलव निकासा सम्बन्धित विद्यालयबाट असुल गर्नुपर्ने रु.....</td><td>२४०,०००</td></tr>
<tr><td>१९.४</td><td></td><td></td><td>बढी रकम निकासा भएको: शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय,पाठ्यक्रम विकास केन्द्रले जारी गरेको कार्यक्रम कार्यन्वयन पुस्तिका,२०७८/७९ मा स्थानीय तहले विद्यालयलाई विभिन्न अनुदान उपलब्ध गराउदा IEMIS को तत्याङ्कलाई विद्यालयका प्रधानध्यापक तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट सत्यापन गराइ दिनुपर्ने व्यवस्था छ।नगरपालिकाले विद्यालयहरुलाई IEMIS तत्याङ्ककै आधारमा सत्यापन नगराइ भुक्तानी दिएकोमा लेखापरीक्षणको क्रममा नमुनाको रुपमा निम्न विद्यालयहरुको हाजिरी रजिष्टर तथा संलग्न अन्य विवरण हेर्दा निम्नानुसार रकम बढी निकासा दिएको असुल गर्नुपर्ने रु....(विस्तृत विवरण अनुसूचीमा समावेश छ)
<table>
<tr><td>विद्यालयको नाम</td><td>विवरण</td><td>पाठ्यपुस्तक</td><td>दिवा खाज</td><td>बुक कर्नर</td><td>जम्मा रु</td></tr>
<tr><td>नेपाल राष्ट्रिय माध्यमिक विद्यालय बडेर्वा</td><td>विद्यार्थी सङ्ख्या भन्दा बढी भुक्तानी भएको</td><td>१९५१२५</td><td>२१४२००</td><td>२०५००</td><td>४२९८२५</td></tr>
<tr><td>श्री ने रा मा वि छटौली पर्सा</td><td>विद्यार्थी सङ्ख्या भन्दा बढी भुक्तानी भएको</td><td></td><td>१४४००</td><td>५२६५०</td><td>६७०५०</td></tr>
<tr><td>ने रा आ वि सबैयाटारी</td><td>विद्यार्थी सङ्ख्या भन्दा बढी भुक्तानी भएको</td><td>५१३८०</td><td>२५२००</td><td></td><td>७६५८०</td></tr>
<tr><td>मदरसा इस्लाहुल मुस्लिमिन प्रा वि पर्शुरामपुर</td><td>माग भन्दा बढी भुक्तानी</td><td>३५३६१</td><td></td><td></td><td>३५३६१</td></tr>
</table>
</td><td>६०८,८१६</td></tr>
<tr><td>१९.५</td><td></td><td></td><td>विद्यालयलाई प्रति विधार्थी अनुदान- शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>पुस्तिका २०७८।७९ मा IEMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन गराई विद्यार्थी संख्या यकिन गरेर मात्र विद्यालयलाई प्रति विधार्थी अनुदान निकासा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले IEMIS मा प्रविष्टि भएको तथ्याङ्कलाई सत्यापन गराई विद्यार्थी संख्या यकिन गरी विद्यालयमा अनुदान निकासा दिएको देखिएन । साथै विद्यालयले वितरण गरेको भरपाई पेश नगरेको, अनुदानको नगर शिक्षा समिति गठन गरी अनुगमन समेत गरेको पाईएन ।
<table>
<tr><th>विषय</th><th>रकम</th><th>अन्य दफामा समावेश भएको</th><th>बाँकी रकम</th></tr>
<tr><td>छात्रवृत्ती</td><td>१७३६०००</td><td>०</td><td>१७३६०००</td></tr>
<tr><td>पाठ्यपुस्तक</td><td>४५१३४८२</td><td>२८१८६६</td><td>४२३१६१६</td></tr>
<tr><td>बुक कर्नर</td><td>५५३४७१३</td><td>७३१५०</td><td>५४६१५६३</td></tr>
<tr><td>दिवा खाजा</td><td>५४४५०००</td><td>२५३३८००</td><td>२९११२००</td></tr>
</table></td><td></td></tr>
<tr><td>१९.६</td><td></td><td></td><td>सफ्टवेयर खरिद : शिक्षा तथा मानव स्रोत विकास केन्द्रले जारी गरेको कार्यक्रम कार्यन्वयन निर्देशिका २०७८।७९ मा कोभिड-१९ का कारण असहज अवस्थामा वैकल्पिक सिकाइका उपायहरु अवलम्बन गर्न सकिने व्यवस्था गरेको छ। नगरपालिकाले वैकल्पिक सिकाइ अन्तर्गत स्मार्ट एजुकेसन सर्भिसेज(१२०२ ६३७४५) सफ्टवेयर खरिद सम्झौता गरेको छ। कम्पनीले पेश गरेको प्रस्तावअनुसार कम्पनीले स्कुल व्यवस्थापन सम्बन्धी accounting and billing, academic and exam management लगायतका कुराहरु समेटिएको सफ्टवेयर उपलब्ध गराउने तथा त्यस बारेमा तालिम दिने उल्लेख छ।पेश भएको विवरणमा तालिम भएको भनि वडा कार्यालय तथा सम्बन्धित स्कुलले नगरपालिकालाई पत्र लेखेको देखिन्छ।तसर्थ सम्झौता पत्रमा उल्लेखित शर्तअनुसारको सफ्टवेयर सम्झौतामा उल्लिखित स्कुलमा जडान भएको प्रमाण पेश गर्नुपर्ने रु....</td><td>४२४,२५७</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१९.७			**सामुदायिक सिकाई केन्द्र**: शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्रले जारी गरेको कार्यक्रम कार्यन्वयन पुस्तिका,२०७८/७९ मा सामुदायिक सिकाइ केन्द्रहरुलाई अनुदान दिने वारेमा व्यवस्था छ। सामुदायिक सिकाइ केन्द्रहरुले अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन तथा यस वर्षको लागि कार्यक्रम प्रस्ताव पेश गरेर अनुदान लिने तथा कार्यक्रम समापन भएपछी प्रगति प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ।नगरपालिकाले विरुवागुठी सामुदायिक अध्ययन केन्द्र र सुर्योदय सामुदायिक अध्ययन केन्द्रलाई रु. २००००००।-का दरले जम्मा रु.४००००००।-अनुदान दिएको छ।लेखापरीक्षणको अवधिसम्म सामुदायिक अध्ययन केन्द्रहरुले खर्च विवरण र प्रगति प्रतिवेदन पेश गरेका छैनन्। खर्च विवरण , प्रगति प्रतिवेदन र लेखापरीक्षण प्रतिवेदन पेश गर्नुपर्दछ ।	
१९.८			**कक्षा आठको परीक्षा-** शिक्षा तथा मानव स्रोत विकास केन्द्रले जारी गरेको कार्यक्रम कार्यन्वयन पुस्तिका २०७८/७९ अनुसार सामुदायिक विद्यालयहरुका विद्यार्थीहरुको लागि कक्षा ८ को परीक्षा सञ्चालन गर्दा प्रति विद्यार्थी लागत २५० का दरले निकासा गर्न सकिने व्यवस्था गरेको छ।नगरपालिकाले निजी स्कुलका विद्यार्थीहरुबाट प्रतिविद्यार्थी रु ३५० परीक्षा शुल्क लिने निर्णय गरेको देखिन्छ। नगरपालिका क्षेत्रभित्र रहेका ३ ओटा निजी विद्यालयहरुले कक्षासमम सञ्चालन गरेका छन्। यसरी सञ्चालन भएका विद्यालयमध्ये २ ओटा विद्यालयले कक्षा आठको परीक्षा शुल्क वुझाएको देखिएन।नगरपालिकाले निजी स्कुलका विद्थार्थीहरुलाइ्ढ निम्नानुसर परीक्षा सञ्चालन गर्दा लागेको रु १४७०० सम्बन्धित विद्यालयहरुबाट असुल गर्नुपर्दछ।	१४,७००
२०			**प्रधानमन्त्री रोजगार कार्यक्रम** स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ९ वडामा २४ योजना सञ्चालन भएको देखिन्छ।प्रधानमन्त्री रोजगार कार्यक्रममा प्रयोग हुने emis.pemp system मा अपडेट गरिएका तत्यांङ्कहरु र लेखा	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>प्रतिवेदनमा संलग्न तत्याङ्कहरु बीच एकरुपता देखिदैन।तत्याङ्कलाई अद्यावधिक राख्नुपर्दछ ।
<table>
<tr><td></td><td>लिखित विवरण</td><td>emis.pemp विवरण</td></tr>
<tr><td>काम पाएका व्यक्तिहरु</td><td>१७७ जना</td><td>१५९ जना</td></tr>
<tr><td>श्रमिकको कुल ज्याला</td><td>रु ४६०८९०१</td><td>रु ५३९९९००</td></tr>
</table></td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रम</td><td></td></tr>
<tr><td>२१.१</td><td></td><td></td><td>प्रविधि हस्तान्तरण- गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ४१ (३) मा दफा ४० बमोजिम प्रबिधि हस्तान्तरण गर्दा कार्यक्रमको लागि विनियोजित रकमको परिधिभित्र रही आवश्यकता विश्लेषण गरी शाखाको सिफारिशको आधारमा कुल रकममा कार्यालयले प्रविधि प्राप्त गर्ने उद्यमीबाट आपूर्तिकर्ताले कबोल गरेको अङ्कको २० प्रतिशत रकम जम्मा गर्न लगाई बढीमा ८० प्रतिशत रकममा मात्र कार्यालयले आपूर्तिकर्तालाई भुक्तानी गर्नु पर्ने व्यवस्था छ।पालिकाले बारा व्रोदर्स सप्लायर्स(६१७९३१८३४) बाट रु ४९९९७१।को सामान खरिद गरेको छ। खरिद भएका सामाग्रीहरु कार्यालया दाखिला भएको देखिन्छ।प्रविधि हस्तान्तरण गर्न बाकी देखिन्छ।खरिद भएका सामाग्रीहरु प्रविधि हस्तान्तरण गर्दा लघु उद्यमीबाट रु ९९९९४।२ असुल गरी हस्तान्तरण गर्नुपर्ने देखिन्छ।</td><td>९९,४९४</td></tr>
<tr><td>२१.२</td><td></td><td></td><td>सीप विकास तालिम- गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को बुँदा २८ मा उद्यमशीलता विकास तालिम लिएका सहभागीहरु मध्येबाट व्यावसायिक योजना, उद्यमीको प्रकृति अनुसार विभिन्न समूहमा आबद्ध गरी सीप विकास तालिम सञ्चालन गर्नु पर्ने व्यवस्था छ । नगरपालिकाले स्किल डेभलपमेन्ट ट्रेनिङ्ग एण्ड इम्प्लोइमेन्ट सेन्टर(६०१२३६१५२) सँग परामर्श सेवा खरिद गरी सीप विकास तालिम (कुशन गुडिया, कुखुरा पालन र सिलाई कटाई) सम्बन्धी तालिम दिएको छ। उक्त संस्थाले नगरपालिकाले तयार गरेको टि.ओ.आर. अनुसार ४ वटा इभेन्ट तालिम संचालन गर्न प्रस्ताव माग गरेकोमा सोही अनुसार उक्त संस्था ४</td><td>३६,३३६</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>वटा इभेन्ट (तालिम) संचालन गर्ने गरी सम्झौता भएको छ । तर सस्थाले तयार गरेको प्रगति प्रतिवेदनमा ३ वटा इभेन्ट(तालिम) संचलान गरेकोले तालिमसँग प्रत्यक्ष सम्बन्धित १ इभेन्टको ४५जना व्यक्तिलाई दिने व्यानर र हलभाडा लगायत खर्च रु. ३६३३६।- खर्च उक्त संस्थालाई बढी भुक्तानी गरेकोले असुल गर्नुपर्ने रु.
<table>
<tr><th>क्र.स.</th><th>विषय</th><th>रकम</th></tr>
<tr><td>१</td><td>तालिम स्टेशनरी</td><td>१७००</td></tr>
<tr><td>२</td><td>तालिमको लागि कच्चा पदार्थ</td><td>१५०००</td></tr>
<tr><td>३</td><td>प्रशीक्षक पारिश्रमिक</td><td>१५०००</td></tr>
<tr><td>४</td><td>व्यानर</td><td>६००</td></tr>
<tr><td>५</td><td>हलभाडा</td><td>२०३६</td></tr>
<tr><td>६</td><td>ढुवानी</td><td>२०००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>३६३३६</td></tr>
</table></td><td></td></tr>
<tr><td>२२</td><td>33</td><td>२०७९-९-१३</td><td>पञ्जिकरण तालिम

बढी भुक्तानी: अर्थ मन्त्रालयले जारी गरेको कार्यसञ्चालन निर्देशिका,२०७७ को दफा ७.१.१५ मा तालिम,गोष्ठी लगायत सञ्चालन भएको अवस्थामा कार्यालयकै पदाधिकारी स्रोतव्यक्ती रहेको अवस्थामा कक्षा सञ्चालन वापतको भुक्तानी नपाउने तर कार्यपत्र तयार गरेवापतको भुक्तानी पाउने व्यवस्था रहेको छ।पालिकाले VERSP-MIS को तालिम सञ्चालन गर्दा दुबै कक्षा सञ्चालन तथा कार्यपत्र तयारी दुवैको भुक्तानी दिएको देखिन्छ। भुक्तानी दिएर</td><td>२०,१७६</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>खर्च लेख्ने मनोज राउत थारुसँग असुल गर्नुपर्ने रु.....
<table>
<tr><th>प्रशिक्षकको नाम</th><th>कक्षा</th><th>दिनुपर्ने रकम</th><th>दिएको रकम</th><th>फरक</th><th>बढी भएको जम्मा रकम</th><th>करकट्टी</th><th>असुल गर्नुपर्ने जम्मा रकम</th></tr>
<tr><td>ऋषि दास</td><td>७</td><td>३५०</td><td>१०००</td><td>६५०</td><td>४५५०</td><td>१०५०</td><td>३५००</td></tr>
<tr><td>ऐगेन्द्र बहादुर कार्की</td><td>७</td><td>३५०</td><td>१२५०</td><td>९००</td><td>६३००</td><td>१३१३</td><td>४९८७</td></tr>
<tr><td>मनोज राउत थारु</td><td>७</td><td>३५०</td><td>१२५०</td><td>९००</td><td>६३००</td><td>१३१३</td><td>४९८७</td></tr>
<tr><td>कुमार राउत</td><td>७</td><td>३५०</td><td>१२५०</td><td>९००</td><td>६३००</td><td>१३१३</td><td>४९८७</td></tr>
<tr><td>मनोज कुमार राउत</td><td>७</td><td>३५०</td><td>७००</td><td>३५०</td><td>२४५०</td><td>७३५</td><td>१७१५</td></tr>
<tr><td colspan="7">जम्मा</td><td>२०१७६</td></tr>
</table></td><td></td></tr>
<tr><td>२३</td><td></td><td></td><td>नर्मस्भन्दा बढी भुक्तानी - अर्थ मन्त्रालयले जारी गरेको कार्यसञ्चालन निर्देशिका,२०७७ अनुसार प्रदेश, जिल्ला र नगरपालिका स्तरमा सञ्चालन गरिने गोष्ठी, सेमिनार तथा बैठकमा सहभागीलाई प्रतिव्यक्ति प्रतिदिन रु २०० का दरले खाजावापत रकम प्रदान गर्न सकिने व्यवस्था छ।नगरपालिकाले देहायका कार्यक्रमहरु सञ्चालन गर्दा नर्म्सभन्दा बढी दरमा खाजा भत्ता भुक्तानी गरेको देखीएकोले असुल गर्नुपर्ने रु....</td><td>११,९००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>भौ न</th><th>कार्यक्रम</th><th>संख्या</th><th>दिनु पर्ने दर</th><th>भुक्तनी दर</th><th>फरक दर</th><th>वढी रकम</th><th>सम्बन्धित व्यक्ति</th></tr>
<tr><td>१७/२०७८।०८।२२</td><td>सामाजिक व्यवहार परिवर्तन कार्यक्रम</td><td>७८</td><td>२००</td><td>२५०</td><td>५०</td><td>३९००</td><td>उमेश प्रसाद साह</td></tr>
<tr><td>१२८/२०७९।०२।२४</td><td>गरिबी निवारणका लागि लघु उद्यम</td><td>१६०</td><td>२००</td><td>२५०</td><td>५०</td><td>८०००</td><td>प्रदिप कुमार चौरासिया</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>११९००</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२४</td><td></td><td></td><td>अन्य सशर्त कार्यक्रम</td><td></td></tr>
<tr><td>२४.१</td><td></td><td></td><td>व्यक्तिगत घटना दर्ता शिविर सञ्चालन गर्न अप्सरा ट्रेड्रर्स एण्ड सप्लायर्स(६१७८४७६४९) लाई २०७९ असार ८-१३ सम्म डाटा इन्ट्री तथा शिविर सञ्चालन गर्न रु. १२६०३६८।-सम्झौता गरी भुक्तानी गरेको छ । सप्लायर्स पेस गरेको प्रतिवेदनमा १५०४ वटा डाटा इन्ट्री गरेको भएता पनि उक्त अवधिमा व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली परीक्षण गर्दा उक्त डाटा इन्ट्री गरेको प्रतिवेदन देखिएन । सप्लायर्स तोकेको डाटा इन्ट्री गरेकोले सम्झौता अनुसार सूचना प्रणाली डाटा इन्ट्री गरी अभिलेख अद्यावधिक गरेको प्रमाण पेस गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>२४.२</td><td></td><td></td><td>व्यवस्थापन खर्च- सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२ मा परामर्श सेवा लागत अनुमान अनुसूची</td><td>४५९,२७०</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			१(क) को ढाँचामा तयार गर्नु पर्ने व्यवस्था छ।पालिकाले कार्यक्रममा लाग्ने खाजा, स्टेशनरी, यातयात खर्च,तालिम सामग्री, प्रशिक्षक लगायत खर्चमा खण्डिकरण नगरी एकमुष्ट व्यवस्थापन खर्च रु. ४५९२७०।- भुक्तानी गरेको देखियो । सार्वजनिक खरिद नियमावली अनुसार लागत अनुमान तयार गरी प्रस्ताव माग गरेको देखिएन । पालिकाले पञ्जिकरण शिविर सञ्चालन कार्यक्रममा कम्पनीले पेश गरेबमोजिम व्यवस्थापन खर्चको लागि रु. ४५९२७०।- भुक्तानी गरेकोले व्यवस्थापन खर्च विस्तृत विवरण तथा प्रतिवेदन अनुसार १५०४ वटा डाटा इन्ट्री भएको प्रमाण पेश गर्नु पर्ने अन्यथा असुल गर्नु पर्ने रु.	
२४.३			**बढी भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्श खरिद कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र जिल्ला दररेटको अधारमा तयार गर्नु पर्ने व्यवस्था छ । साथै अर्थ मन्त्रालय च.नं. ३६ मिति २०७८।४।२७ को नयाँ तलबमान अनुसार राजपत्र अनंकित प्रथम श्रेणीको कर्मचारी प्रति दिन रु. १००७।- का दरले पारिश्रमिक तोकेको छ । पालिकाले कम्पनीले पेश गरेको प्रस्ताव अनुसार ५ जना कर्मचारी(डाटा इन्ट्री गर्ने) लाई २४३ दिनको लागि प्रति दिन रु. २३००।- का दरले भुक्तानी दिएको देखिन्छ। पालिकाले स्वीकृत जिल्ला दर र अर्थ मन्त्रालयले राजपत्र अनंकित प्रथम श्रेणीको कर्मचारीले पाउने तलव बराबर दिनको रु १००७।- भन्दा प्रति दिन रु. १२९३।- का दरले ५ जना कर्मचारीको २४३ दिनको रु. ३१४१९९।- बढी भुक्तानी गरेको देखियो । उक्त स्वीकृत जिल्ला दर र अर्थ मन्त्रालयले राजपत्र अनंकित प्रथम श्रेणीको कर्मचारीले पाउने तलब भन्दा बढी भुक्तानी रकम सम्बन्धित कम्पनीबाट असुल गरी संघीय संचित कोष दाखिला गर्नुपर्ने रु...	३१४,१९९
२५	२३१	२०७९-३-३	**लागत अनुमान र खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको दररेट निर्धारण समितिको दररेट उपलब्ध नभएकोमा निर्माणस्थल नजिकैको सम्बन्धित सरकारी कार्यालय वा सरकारी स्वामित्व भएको संस्थान, प्राविधिकरण, निगम वा यस्तै प्रकृतिका अन्य संस्थाले तोकेको दरभाउ वा उद्योग वाणिज्य संघले दिएको दरभाउ, भाडा वा ज्यालाका आधारमा निर्धारण गरी लागत अनुमान तयार गर्नुपर्दछ । नगरपालिकाले ठेक्का नं. PM/NCB/Works/03/078-79 को supply, delivery and installation of high mas tower light बोलपत्रको लागि लागत अनुमान तयार गर्दा खरिद/ जडान गर्ने समानको कारखाना दर तथा अन्य कार्यालयले खरिद गरेको दर नलिई तीन वटा फर्मसँग कोटेशन माग गरी सोको औसत गरी लागत अनुमान तयार गरेको देखियो । नगरपालिकाल मिति	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			२०७८।१२।६ गते पव्लिक टुडे राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरे अनुसार तीन वटा बोलपत्र पेस भएकोमा २ वटा बोलपत्रदाताले बोलपत्र कागजात पेस गर्दा बिड बण्ड (धरौटी) पेस गरेको देखिएन । पुर्णता परीक्षणमा पास हुने रिन्युवल इनर्जी प्रमोसन कम्पनी प्रा.लि.ले रु.५९६८६६०।- कवोल गरेको छ । जुन लागत अनुमानको ०.५२ प्रतिशत घटी रहेको छ । यसरी लागत अनुमान वस्तुगत रुपमा तयार नगर्ने, बोलपत्र पेस गरेका मध्ये २ वटा पुर्णता परीक्षणमा पास नहुनेहुदाँ खरिद प्रक्रिया प्रतिस्पर्धी, पारदर्शी र मितव्ययी भएको थियो भन्ने आधार देखिएन । सार्वजनिक खरिद कानूनको परिपालना गरी खरिद कार्यलाई प्रतिस्पर्धी, पारदर्शी र मितव्ययी बनाउनु पर्दछ ।	
२६			**ठेक्का तथा प्रस्ताव व्यवस्थापन**	
२६.१			**बढी भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा कुनै रकम भुक्तानी दिँदा रीत पुगे, नपुगेको जाँच गर्नुपर्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सम्पन्न भएको कामको नापी किताबमा प्रमाणित भएको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । नगरपालिका भवन निर्माणको लागि स्वच्छन्द निर्माण सेवा(३०००५६७०३) लाई प्राविधिक नापी गर्दा पहिलो तलाको नभएको Approach Part को पिलर र बिमको १:१.५:३ (M20) १.२७ को प्रति घ.मि.रु. १०५००।- का दरले १३३३५।- , फर्मवर्क १२.०७ वर्ग मिटरको रु. ५००।- दरले रु. ६०३५।- र फलाम ०.३६० मे.टनको रु. ३४२००।- समेत गरी रु. ५३५७०।- र मूल्य समायोजन सूचक १.०९५ ले रु.५८६६०।- को मूल्य अभिवृद्धि कर समेत रु. ६६२८५।- बढी भुक्तानी भएकोले असुल गर्नु पर्ने रु.	६६,२८५
२६.२			**भेरिएसन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई भेरिएसन आदेश जारी गर्नसक्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा भेरिएसन जारी गर्दा प्राविधिक पुष्ट्याइँ समेत पेस गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले मिति २०७७।६।१७ मा ठेक्का नं. ०८।PARG/PAR/RCC औरैया गाँउ देखि दक्षिणको कल्भर्ट निर्माणको लागि कार्यालय र ऋषि कन्सट्रक्सनसँग रु. १३८७७१३.९ सम्झौता भएको छ । नगरपालिकाले ९.६१ भेरियसन गरी रु. १५२११४२.४९ भुक्तानी गरेको छ । भेरिएसन जारी गर्दा प्राविधिक पुष्ट्याइँ सहितको पूर्वानुमान गर्न नसकिएको परिस्थिति अवस्था मात्र भेरिएसन गर्नु पर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२७			**उपभोक्ता समिति(नगरपालिका पुजिँगत)**	
२७.१	३३१	२०७९-३-२५	**बढी भुक्तानीः** सितारामको घरदेखि लालु यादवको घरसम्म माटो पुरी आर.सि.सि. ढलान कार्यको लागि आर.सि.सि. ढलान निर्माण उपभोक्ता समितिलाई रु. १३७२०८०।- भुक्तानी गर्दा नापी कितावमा ग्राभेल चौडाई भन्दा ढलान(M20) को चौडाई ०.१ मिटर बढी रहेकोले १३०.८ लम्बाई मिटरको उचाई ०.१४ मिटरले १.८३ घन मिटरको प्रति घनमिटर रु. १०२६६.०९ का दरले रु. १८७९९।- बढी भुक्तानी भएकोले असुल गर्नु पर्ने रु.	१८,७९९
२७.२	१२७	२०७८-१२-२२	बढी भुक्तानीः गत आ.व.को भुक्तानी अन्तर्गत श्री अन्नपुर्ण दुग्ध उत्पादक सहकारी संस्थालाई एनलाइजर खरिद बापत रु. २५००००।- भुक्तानी भएकोमा संस्थाले पेश गरेको पाण्डे ट्रेड सेन्टरको कर विजकमा विल रकम रु. २२४११५.०४ सोमा छुट रु. २५०००।- कर लाग्ने मूल्य रु. १९९११५.०४ को मूल्य अभिवृद्धि कर सहित रु. २२५०००।- भुक्तानी गर्नु पर्नेमा रु. २५००००।- भुक्तानी गरेकोले सहकरी संस्थाबाट रु. २५०००।- असुल गर्नु पर्ने रु.	२५,०००
२७.३	११२	२०७८-१२-२४	**बढी भुक्तानीः** धुरन साहको घरदेखि लालु अन्सारी मियाको घरसम्म माटो पुरी आर.सि.सि. ढलान कार्यको लागि आर.सि.सि. ढलान निर्माण उपभोक्ता समितिलाई रु. १८४०८८६।- भुक्तानी गर्दा नापी कितावमा ग्राभेल चौडाई भन्दा ढलान(M20) को चौडाई ०.३ मिटर बढी रहेकोले १६५ लम्बाई मिटरको उचाई ०.१५ मिटरले ७.४२५ घन मिटरको प्रति घनमिटर रु. १०२६६.०९ का दरले रु. ७६२३१।- बढी भुक्तानी भएकोले असुल गर्नु पर्ने रु.	७६,२३१
२७.४			**उपभोक्ता समितिको कार्यः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत कार्य गराउन सक्ने व्यवस्था छ । उपभोक्ता समिति मार्फत हुने सबै निर्माण कार्यको गुणस्तर परीक्षण नगरेको, सम्झौता बमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा त्यस्ता उपभोक्ता समितिको लगत नराखेको, आयोजना उपभोक्तालाई हस्तान्तरण भएको नभएको, मर्मत सम्भार कोष खडा नभएको, रकम प्राप्त गर्नेको डोर हाजिर तथा अन्य खर्चको भर्पाइ गर्ने एवं ढुवानी गर्ने व्यक्तिको पहिचान खुलेको कागजात स्पष्ट नभएको, खर्चको सार्वजनिकिकरण, सामाजिक लेखापरीक्षण,सार्वजनिक सुनुवाई नभएको, र नगरपालिका उपाध्यक्षद्धारा सबै योजनाको अनुगमन नगरेको जस्ता कमिकमजोरी रहेको देखिन्छ । यस सम्बन्धमा नगरपालिकाले उपभोक्ता समिति मार्फत हुने कामको गुणस्तर, पारदर्शी र दीगोपनामा जोड दिनु पर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२८			**उपभोक्ता समिति(नगरपालिका पुजिँगत)**	
२८.१			**रोयल्टी भुक्तानीः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र जिल्ला दररेटको अधारमा तयार गर्नु पर्ने व्यवस्था छ । नगरपालिकाले विभिन्न निर्माण कार्य गर्दा प्रयोग हुने ग्राभेलको रोयल्टी बापत प्रति घ.मि. रु.१४१ का दरले विश्लेषण गरी देहायको निर्माण कार्यमा भुक्तानी गरेकोमा उक्त रोयल्टी रकम नगरपालिकामा राजस्व दाखिला गरेको प्रमाण पेस गरेको देखिएन। दर विश्लेषणको अनुसार रोयल्टी नगरपालिकाको आन्तरिक राजस्व खातामा दाखिला नगरेकोले भुक्तानी भएको रोयल्टी बापतको रकम रु. ८०१,१७४।-असुल हुनु पर्ने रु. **(विस्तृत विवरण अनुसूची-५ मा समाबेश छ ।)**	८०१,१७४
२८.२	१८७	२०७९-१-१०	**अधुरो आयोजनाः** चैनपुर चौहट्टी देखि पश्चिम पिपलबोट सम्म तर्फ नाला निर्माण कार्यको लागि ७६७ मिटर सनराइज नाला निर्माण उपभोक्ता समितिसँग मिति २०७८।१०।२३ मा रु. ५३९१०९०।- सम्झौता भएकोमा यस वर्ष २९१ मिटर कार्यको नापी जम्मा रु. १९७०८६६.३१ भई नगरपालिकाबाट रु. १७७३७७९।- भुक्तानी भएको छ । नापी किताव अनुसार भौतिक प्रगति ३८ प्रतिशत र वित्तीय प्रगति ३६.५५ प्रतिशत रहेको देखियो। लेखापरीक्षणको क्रममा स्थलगत निरीक्षण गर्दा नालामा माटो पुरेको , ठाउँ-ठाउँमा मात्र नाला निर्माण गरेको देखियो । नगरपालिकाको भनाई अनुसार उक्त निर्माणस्थलमा स्थानीयले जग्गा उपलव्ध नगराएकोले निर्माण अधुरो हुन गएको भनाई रहेको छ। बजेट निर्माण गर्नु पुर्व जग्गा विवाद तथा आवश्यक पूर्व तयारी गरीमात्र बजेटमा योजना समावेश गरी कार्यान्वयन गर्दा सम्झौतामा उल्लेखित शर्त अनुसार निर्माण कार्य गर्नु पर्दछ ।	
२८.३			**बढी भुक्तानीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक, मूल्यांकन, बिल, भर्पाइ र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले लागत अनुमान तयार गर्दा ओ.पि.सी. सिमेन्ट समान राखी दर विश्लेषण गरेकोमा उपभोक्ता समितिले कर विजक पेस गर्दा पि.एस.सि.को विल राखी भुक्तानी गरेको देखियो । नगरपालिकाले आर्थिक वर्ष २०७८।७९ को लागि निर्धारण गरेको ओ.पि.सी. सिमेन्टको दर रु.७४०।- र पि.पि.सि.को रु. ६०५।- विल पेस हुदाँ रु. १३५।- कम को विल पेश भएकोले देहाय अनुसार रु. उपभोक्ता समितिकलाई बढी भुक्तानी भएकोले असुल गर्नु पर्ने रु.	२३३,४००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२८.४	३२४	२०७९-३-२५	**मूल्यअभिवृद्धि कर विजक**- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक, मूल्यांकन, बिल, भर्पाइ र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले कम्पाउण्ड वाल निर्माण उपभोक्ता समिति-८ कार्यमा मूल्यअभिवृद्धि कर सहितको बिजक रु. १८८३८१२।- को पेस गर्नु पर्नेमा रु. १६७७१३०।- मात्र पेश गरेकेले नपुग बिल रु. २०६६८२।- को मूल्यअभिवृद्धि कर रु. २६८६८।- असुल गर्नु पर्ने रु.	२६,८६८
२९			**परामर्श सेवा खरिद**	
२९.१			**परामर्श सेवा -** सार्वजनिक खरिद ऐन, २०६३ मा बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र विस्तृत आयोजना प्रतिवेदन लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाको स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराएको छ । यस्तो कार्य गराउँदा लागत अनुमान बमोजिम नै सम्झौता गरी रु. ८७०४६४५ खर्च गरेको छ । अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयन भएको देखिएन साथै तयार भएका रणनीतिक योजना, कार्यविधिहरु समेत प्रयोगमा आएको छैन । तयार भएका विस्तृत आयोजना प्रतिवेदन, योजना, कार्यविधिहरु PAMS मा वौद्धिक सम्पत्तिको रुपमा दाखिला गर्नुपर्नेमा जिन्सी दाखिला गरेको छैन। कार्यान्वयन हुने परियोजनाको मात्र DPR तयार गर्ने तथा प्राप्त प्रतिवेदन PAMS मा दाखिला गर्ने तर्फ ध्यान दिनु पर्दछ। भौचर मिति | विवरण | सेवा प्रदायक | भुक्तानी रकम २४५-०७८।१०।२ | तालिम हल निर्माणको डिपिआर | ईम्पेरिकल ईन्जिनियरिङ्ग | ९८७८१५	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय				बेरुजु रकम
			३३०-०७८।१०।२४	सडक सोलार बत्ति जडानको आर्थिक र प्राविधिक प्रस्ताव तथा BID Document तयारी	ईम्पेरिकल ईन्जिनियरिङ्ग कन्सल्टेन्सी	४९०८७२	
			३४८-०७८।११।४	कर्मचारी तथा व्यवस्थापन सर्भे	हलेसी रिसर्ज एण्ड कन्सल्टेन्सी प्रा ली	४९१५५०	
			३४९-०७८।११।४	नगरपालिकाको क्षमता विकास योजना	अस्पिसियल इन्भाईरोमेन्ट कन्सल्ट	४९२११५	
			३५०-०७८।११।४	सामाजिक परीक्षण	सशसन तथा विकास अध्ययन केन्द्र	३१००००	
			४११-०७८।११।२३	वृत्त चित्र निर्माण	सत्य साहि फिल्मस	४९९९९९	
			६८९-०७९।२।२५	शिक्षा तथा तालिम अभिमुखिकरण रणनीति	कन्सल्टिङ्ग फर एप्लाईड एण्ड ईन्नोभेसन	४९८४४३	
			६८४-०७९।२।२७	स्वास्थ्य चौकि निर्माणको डिपिआर	सिभिल वर्कस ईन्जिनियरिङ	९९५५३०	
			६७६-०७९।२।२५	मानव सेवा आश्रम निर्माण डिपिआर	पवनदुत कन्सल्टयान्ट	१९६८०५६	
			६७५-०७९।२।२५	प्रशासकिय भवन निर्माण डिपिआर	सिभिल वर्कस ईन्जिनियरिङ	१९७०२६५	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>जम्मा</td><td></td><td>८७०४६४५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२९.२</td><td></td><td></td><td>
बढी दर: सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२ मा परामर्श खरिदको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र जिल्ला दररेटको आधारमा तयार गर्नु पर्ने व्यवस्था छ । नगरपालिकाले विस्तृत परियोजना प्रतिवेदन गर्दा यातायात खर्च, विविध, उपकरण, स्टेशनरीमा सर्भे र डिजाईन कामको लागि नर्म्स अनुसार २५ प्रतिशत मात्र दिने व्यवस्था छ । नगरपालिकाले यस वर्ष निम्नानुसार आयोजनाको विस्तृत परियोजना प्रतिवेदन तयार गर्दा तोकिएको दर भन्दा वढी दरले दिएको भुक्तानी रकम रु. ४१४००० असुल गर्नु पर्ने रु.....
<table>
<tr><th>भौचर मिति</th><th>विवरण</th><th>भुक्तानी पाउने</th><th>प्रशासनिक खर्च पुर्वको लागत</th><th>२५ प्रतिशत रकम</th><th>व्यवस्थापन खर्चको भुक्तानी</th><th>बढी रकम</th></tr>
<tr><td>६७६-०७९।२।२५</td><td>मानव सेवा आश्रम</td><td>पवनदुत कन्सल्टयान्ट</td><td>1360974</td><td>३४०२४३</td><td>४०५०००</td><td>६४७५७</td></tr>
<tr><td>६७५-०७९।२।२५</td><td>प्रशासकिय भवन</td><td>सिभिल वर्कस ईन्जिनियरिङ</td><td>1135030</td><td>२८३७५७</td><td>६३३०००</td><td>३४९२४३</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>जम्मा</td><td></td><td>४१४०००</td></tr>
</table>
</td><td>४१४,०००</td></tr>
<tr><td>३०</td><td>७२</td><td>२०७८-११-४</td><td>
बढी भुक्तानी - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा कुनै रकम भुक्तानी दिँदा रीत पुगे, नपुगेको जाँच गर्नुपर्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सम्पन्न भएको कामको नापी किताबमा प्रमाणित भएको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।नगरपालिकाले न्युटल इन्जिनियरिङ्ग कन्सल्टस प्रा.लि. (६०९७६१५१५) कोईलाभार पारक र आमादेवि पार्कको विस्तृत परियोजना
</td><td>५९४,९४३</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			प्रतिवेदन तयार गर्न कार्यदेश दिएको छ । प्रा.लि.ले पेश गरेको प्रतिवेदन tor अनुसार भए नभएको प्राविधिक शाखाबाट चेकजाँच गरेको देखिएन । प्रतिवेदनको दर विश्लेषणमा पर्सा जिल्लाको आर्थिक वर्ष २०७७। ७८ जिल्ला दर भन्दा फरक दरको उल्लेख गरी दर विश्लेषण गरेको देखियो । जसको कारणले योजनाको लागत वृद्धि हुने देखिन्छ । नगरपालिकाले आर्थिक वर्ष २०७९।८० यस योजनाको लागि बजेट विनियोजन गरेको पाइएन । विस्तृत परियोजना प्रतिवेदन आधारमा बजेटमा समावेश गर्नु पर्दछ । न्युटल इन्जिनियरिङ्ग कन्सल्टस प्रा.लि. ले पेस गरेको प्रतिवेदन अनुसार अनुसार सम्झौता मिति २०७८।२।३१ र प्रतिवेदन पेश गरेको मिति २०७८।३।१४ बिच १५ दिन मात्र रहेकोले सम्झौता अवधि भन्दा बढी अवधिको परामर्शदाताको पारिश्रमिक माग गरेकोले देहाय अनुसारको असुल गर्नु पर्ने रु.	

क्र.स.	विवरण	परामर्शलाई दिएको दिन	सम्झौता मिति र प्रतिवेदन पेश गरेको दिन	फरक दिन	दर	रकम रु.
१	टिम लिडर	७८	१५	६३	३६२४	२२८३१२
२	आरकिटेक्चर इन्जिनियर	४६	१५	३१	३२३९	१००४०९
३	सिभिल इन्जिनियर १	४६	१५	३१	३२३९	१००४०९
४	कम्पुटर आपरेटर	४६	१५	३१	२५३८	७८६७८
५	सर्भे इन्जिनियर १	२०	१५	५	२५३८	१२६९०
६	अन्य २	२०	१५	५	६००	६०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			<table><tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>५२६४९८</td></tr><tr><td></td><td>मू.कर समेत जम्मा</td><td></td><td></td><td></td><td></td><td>५९४९४३</td></tr></table>	
३१			**सफ्टवेयर संचालन** - नगरपालिकाले गभर्नेनस अटोमेसन सोलुसनबाट सिफारिस सप्टवेयर जडान गरी कर्मचारीलाई तालिम समेत दिएपश्चात रु.४९१०००।- भुक्तानी दिएको छ। नगरपालिकामा ९ वटा वडा कार्यालय मध्ये ३ वटा वडाबाट मात्रै जडान भएको सफ्टवेयरको प्रयोग गरी सेवाग्राहीलाई सिफारिस दिने गरेको पाईयो। सवै वडा कार्यालयले उक्त सफ्टवेयरको प्रयोगमा ल्याई अनलाईन प्रणालीमार्फत सिफारिस दिने व्यवस्था कार्यान्वय गर्नुपर्दछ।	
३२			**सोझै खरिद (नगरपालिका पुजिँगत)**	
३२.१			**सोझै खरिद** -सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने र नियमावली, २०६४ को नियम ८४ मा रू. १० लाख देखि रू.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा बढीको खरिद कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । यो वर्ष नगरपालिकाले एकै प्रकृतिको निम्नानुसारका निर्माण कार्यको लागि प्रतिस्पर्धा नगराई ८४ (अनुसूची-७ समावेश विवरण अनुसार) निर्माण व्यवसायीबाट सोझै खरिद गरी रु. ३ करोड २० लाख ८५ हजार खर्च गरेको छ । जुन नगरपालिकाका पुँजीगत खर्चको १७.७४ प्रतिशत रहेको छ । सार्वजनिक ऐन, नियमावली अनुसार प्रतिस्पर्धा एवं पारदर्शिता हुनेगरी खरिद गर्नुपर्दछ ।	
३२.२	१९७	२०७९-२-१९	**विल भरपाई-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा बिल भरपाई साथ स्रेस्ता राख्नु पर्ने व्यवस्था छ । नगरपालिकाले विधा ट्रेडर्सबाट ३९.६ (१.५ इन्च) जि.आई. पाइप) हेण्डपम्प ४४ थान पि.भि.सि.पाइप २६८४ मिटर र नाइलन जाली pv filter ८८ थान को रु. ९८८२२७.९ भुक्तानी भएकोमा देहाय अनुसार मालसमान वितरण गर्न बाँकी रहेकोले वितरण गरी भरपाई पेस गर्नु पर्ने रु.	१४८,१५६

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>विवरण</td><td>परिमाण</td><td>दर</td><td>रकम</td></tr>
<tr><td>चापाकल</td><td>२४</td><td>४०७०</td><td>९७६८०</td></tr>
<tr><td>पि.भि.सि.पाइप</td><td>४७५</td><td>४८</td><td>२२८००</td></tr>
<tr><td>नाइलन जाली pv filter</td><td>४४</td><td>६२९</td><td>२७६७६</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>१४८१५६</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३२.३</td><td></td><td></td><td>बढी भुक्तानी - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा कुनै रकम भुक्तानी दिँदा रीत पुगे, नपुगेको जाँच गर्नुपर्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा सम्पन्न भएको कामको नापी किताबमा प्रमाणित भएको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले सोझै खरिद अन्तर्गत विभिन्न निर्माण व्यवसायीलाई नापी कितावमा होडिङ वोर्ड र ल्याव टेष्टको प्रोभिजनल सममा राखी विजक बेगर भुक्तानी दिएकोले असुल गर्नु पर्ने रु. (विस्तृत विवरण अनुसूची-६ मा समावेश छ ।)</td><td>१९,०९७</td></tr>
<tr><td>३३</td><td></td><td></td><td>गैह्र सरकारी संस्थाबाट खरिद</td><td></td></tr>
<tr><td>३३.१</td><td></td><td></td><td>कर कट्टी: आयकर ऐन, २०५८ को दफा ८८ मा सेवा खरिद वापत रकम भुक्तानी गर्दा मुल्य अभिवृद्धि करमा दर्ता नभएको संस्थाको सम्झौताको रकममा १५ प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले मुल्य अभिवृद्धि करमा दर्ता नभएका देहायका संस्थालाई सेवा खरिद गरी रु.३१८३८७२ भुक्तानी दिएको छ। मुल्य अभिवृद्धि कर विजक जारी नगर्ने उक्त सुंथालाई भुक्तानीमा १५ प्रतिशतका दरले अग्रिम कर कट्टी गरी रकम भुक्तानी दिनुपर्नेमा रु.३८५२८८।- अग्रिम कर कट्टी नगरी भुक्तानी गरेकोले कर छुट भएको रकम सम्बन्धित संस्थाबाट असुल गरी संघिय राजश्व दाखिला गर्नुपर्ने रु.....</td><td>३८५,२८८</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

भौचर मिति	विवरण	भुक्तानी पाउने	रकम	१५ प्रतिशत कट्टी गर्नुपर्ने	कट्टी गरेको रकम	कट्टी गर्नुपर्ने नपुग रकम
२५-०७८।७।२२	वृक्षारोपण तथा वातावरण कार्ययोजना तयार	समाज कल्याण प्रतिष्ठान नेपाल	४९७६५२	७४६४८		६८०४२
४७-०७८।७।२९	सार्वजनिक सुनुवाई कार्यक्रम	समाजको लागि मानव अधिकार र विकास	४९८३८०	७४७५७		६८७४२
५५८-०७९।१।११	महिला उत्थान तालिम	वडि मालिका मल्टीपर्पोज कन्सल्टेन्सी	१९९९००	२९९८५	४९७९	२५००६
५८४-०७९।१।२२	सडक नाटक	आस्था नेपाल	१०००००	१५०००	६००	१४४००
६१४-०७९।२।४	सहकारी विकास कार्यक्रम	आस्था नेपाल	४९३५२३	७४०२९	३४२६	७०६०३
६३६-०७९।२।९	पर्यटन प्रवद्धन कार्यक्रम	समाज कल्याण प्रतिष्ठान बारा	४९७४१७	७४६१३		७४६१३
७१४-०७९।३।८	महिला सशक्तिकरण तालिम	नारी शिल्पकला कला केन्द्र	४९७५००	७४६२५	६४६७५	९९५०
८५५-०७९।३।२५	सरसफाई कार्यक्रम संचालन	वडि मालिका मल्टीपर्पोज कन्सल्टेन्सी	३९९५००	५९९२५	५९९३	५३९३२

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			३१८३८७२ ३८५२८८	
३३.२			**गैर सरकारी संस्था मार्फत खरिद-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९(१) मा ऐनको दफा ५६ बमोजिम गैर सरकारी संस्थाबाट काम गराउनको लागि त्यस्तो कामको आवश्यकता किसिम, समयावधि कामको गुणस्तर, जनशक्ति, कार्य सञ्चालन विधि सहितको कार्य क्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटी अनुमान तयार गर्नु पर्ने व्यवस्था छ । साथै नियम ९९(२) मा उपनियम (1) बमोजिमको काम गराउनको लागि कानून बमोजिम दर्ता भएको र नियम १८ बमोजिमको मौजुदा सूचीमा समावेश भएका गैर सरकारी संस्था लाई कम्तिमा पन्ध्र दिनको अवधि दिई राष्ट्रिय स्तर वा स्थानीयस्तरको दैनिक समाचारपत्रमा सूचना प्रकाशन गरी प्रस्ताव माग गर्नुपर्ने र माग अनुसार पर्न आएका प्रस्तावहरु प्रस्तावदाताको रोहवरमा खोली मुचुल्का तयार गर्नुपर्ने र न्यूनतम रकम प्रस्ताव गर्ने प्रस्तावदाताको प्रस्ताव स्वीकृत गरी सम्झौता गर्ने उल्लेख छ । साथै सम्झौता गरेर कार्य आदेश दिनुपर्ने, खरिद गर्नुपर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर र मू.अ.कर दर्ता प्रमाण पत्र प्राप्त गरेका संस्थाबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(७) मा सरकारी निकायबाट कुनै तालिम, सेमिनार, गोष्ठी, कार्यशाला जस्ता कार्यक्रमको लागि रकम खर्च गर्दा त्यस्तो कार्यक्रमको लागत अनुमान स्वीकृत भएको हुनुपर्ने व्यवस्था छ । सोका साथै स्थानीय स्तरमा सञ्चालन हुने तालिमका लागि प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७७ बमोजिम तोकिएको दरमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष निम्नानुसारका गैर सरकारी संस्थालाई विभिन्न कार्य गरेवापत भुक्तानी गरेको छ । तर त्यस्ता कतिपय संस्थाहरु मूल्य अभिवृद्धि करमा दर्ता नभएको, मुल्य अभिवृद्धि कर विजक पेश गरेकोमा कतिपय वेरितको विजक पेश गरेको, संस्था मार्फत कार्य गर्दा लागत अनुमान तयार नगरेको, मौजुदा सूचीमा दर्ता नगरेको, राष्ट्रियस्तर/स्थानीयस्तरका दैनिक समाचारपत्रमा सूचना प्रकाशन गरि प्रस्ताव माग नगरेको अवस्था छ । महिला सशक्तिकरण, क्षमता विकास, कर्मचारी क्षमता विकास, पुर्न ताजकिकरण जस्ता कतिपय तालिम कार्यक्रम बर्षमा पटक पटक संचालन गरेको देखियो। नगरपालिकाले त्यस्ता संस्थाहरुसँग सोझै सम्झौता गरेको छ । साथै पालिकाले संस्थाहरुबाट भएको कामको प्राविधिक मूल्याङ्कन, प्रतिफल तथा अनुगमन प्रतिवेदन बेगर विभिन्न ४५ गैह्र सरकारी संस्थाबाट कार्य गराई रु.२१७,८९०७२।- भुक्तानी गरेको पाईयो । आवश्यक प्रकृया तथा कागजात र	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			खरिद बिधि वेगर सोझै सम्झौता गरी भूक्तानी गरेको नियमसम्मत देखिदैन । **(विस्तृत विवरण अनुसूची -३ मा समावेश छ ।)**	
३३.३			**नक्कली बिजक:** मुल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मुल्य अभिवृद्धि करमा दर्ता भएका फर्म संग तोकिएको ढाचाको कर विजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले देहायका गैह्र सरकारी संस्थाबाट पेश भएको मुल्य अभिवृद्धि कर विजक परीक्षण गर्दा मुल्य अभिवृद्धि करमा दर्ता नभएको संस्थाले समेत मुल्य अभिवृद्धि कर विजक पेश गरेको देखियो। नगरपालिकावाट भुक्तानी दिएको भ्याट रकम सम्वन्धित संस्थाबाट असुल गरी कार्यालयले एकिन गर्नुपर्ने गर्नुपर्ने रु…	२२९,४४७

भौ.न.मिति	विवरण	संस्थाको नाम	विजक विवरण	पान नं	भुक्तानी रकम	मु.अ कर रकम
२५-०७८।७।२२	वृक्षारोपण तथा वातावरण संरक्षण कार्यायोजना तयारी	समाज कल्याण प्रतिष्ठान नेपाल बारा	००१-०७८।३।२२	३०२९१५०४२	४९७६५२	५७२५२
४७-०७८।७।२९	सार्वजनिक सुनुवाई कार्यक्रम	समाजको लागि मानव अधिकार र विकास	११-०७८।३।२१	३०४३४९४७२	४९८३८०	५७३३५
७७७-०७९।३।१९	पोषण स्वास्थ्य तालिम तथा सामग्री वितरण	परिवर्तनशिल समाज बारा	१-०७९।३।१३	६००८५९१५२	९९८४०२	११४८६०
		जम्मा				२२९४४७

३३.४			**गैरसरकारी संस्थालाई ओभरहेड:** सार्वजिक खरिद नियमावली २०६४ अनुसुचि १ र १(क) मा निर्मण कार्यमा १५ प्रतिशत र परामर्श सेवा खरिदमा ४ प्रतिशत व्यवस्थापन खर्च भुक्तानी दिन मिल्ने र अन्य खरिद मालसमान,	१,६०२,३६६

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			उपभोक्ता समिति गैरसरकारी संस्थाबाट भएको खरिदमा ओभरहेड दिने व्यवस्था गरेको छैन । नगरपालिकाले तालिम, कार्यक्रम संचालन लगायतमा सेवा खरिद गर्दा ओभरहेड तथा संयोजक तलव भुक्तानी दिएको देखियो। लेखापरीक्षणको क्रममा नमुना परीक्षण गर्दा देहायको गैरसरकारी संस्था मार्फत सेवा खरिद गर्दा ओभरहेड र नगरपालिकाको हलमा र विद्यालयमा संचालन भएको तालिम तथा कार्यक्रमको हल भाडा भुक्तानी दिएको देखियो। उक्त रकम असुल गर्नुपर्ने रु.... (**विस्तृत विवरण अनुसूची-४ समावेश छ।)**	
३३.५			**बेरीतको कर विजक:-** मुल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्म संग तोकिएको ढाचाको कर विजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले सरसफाई तथा पोषण सम्बन्धी जनचेतनामुलक कार्यक्रम संचालन गरेवापत विन्दवासिनी डेभलपमेन्ट एण्ड स्कील प्रा.लि. पान न.६०६८५७५३० ले पेश गरेको विजक नं ४-२०७८।३।२३ को आधारमा भौचर नं ८२-०७८।८।७ बाट रु.४९७२०० भुक्तानी दिएको छ। कृषि तथा पशुपन्छी तथ्याङ्क अद्यावधिक कार्यक्रम संचालन गरेवापत सोहि संस्थाले पेश गरेको हस्तलिखित विजक ४-२०७८।३।२३ को आधारमा रु.१००००० भुक्तानी दिएको छ। एउटै मितिमा एउटै विजक नम्वरका २ बटा विल पेश गरेको देखिदा उक्त काम नभई नक्कली बिजक पेश गरेको देखिन्छ। हस्तलिखित विजक पेश गरेर दिएको भुक्तानी रकम रु.१००००००।-असुल गरी संचित कोष दाखिला गर्नुपर्ने रु....	१००,०००
३३.६			**मापदण्ड भन्दा बढी भुक्तानी**: प्रदेश खर्च मापदण्ड निर्देशिका २०७७ को दफा १५ अनुसूचि २ मा कार्यक्रम संचालन गर्दा खर्चको मापदण्ड निर्धारण गरेको छ। नगरसभाले तालिम कार्यक्रम सेमिनार गोष्ठि संचालन गर्दा खर्च गर्ने मापदण्ड निर्धारण गरेको छ। नगरपालिकाले संचालन गरेको विभिन्न तालिम तथा कार्यक्रममा निर्धारित मापदण्ड भन्दा फरक दरमा भुक्तानी दिएको, १ पटक संचालन भएका कार्यक्रम २-३ पटक संचालन भएको उल्लेख गरी निर्धारित मापदण्ड भन्दा फरक दरमा भुक्तानी दिएको देखियो। लेखापरीक्षणको क्रममा नमुना छनौटमा परेका देहायका कार्यक्रममा मापदण्ड भन्दा बढी भुक्तानी दिएको रु.४२२२०९५।- असुल गर्नुपर्ने रु....**(विस्तृत विवरण अनुसूची-२ समावेश छ।)**	४,२२२,०९५
३३.७			**गैह्र सरकारी संस्थाबाट सामग्री वितरण:** नगरपालिका भित्रका स्वास्थ्य चौकिहरुलाई आवश्यक पर्ने सामग्री यन्त्र	२७५,४००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>उपकरण आवश्यकताको पहिचान गर्ने, खरिद गर्ने, वितरण गर्ने नियमित अनुगमन गर्ने र व्यवस्थापन गर्ने काम स्वास्थ्य शाखाको हो। नगरपालिकाले पालिका भित्रका ९ बटा स्वास्थ्य चौकिहरुलाई देहयका समग्री वितरण गर्न परिवर्तनशिल समाजसँग सम्झौता गरी वितरण गरेको देखियो। नगरपालिकाको स्वास्थ्य शाखाले गर्न कार्य अन्य गैह्र सरकारी संस्था मार्फत गराई रु.२७५४००।- को सामग्री वितरण गरेको भरपाई पेश गरेको छ। संस्थाले उक्त सामग्री खरिद गरेको बिल पेश गरेको छैन । स्वास्थ्य संस्थालाई आवश्यक पर्ने सामग्री नगरपालिकाको स्वास्थ्य शाखाले आवश्यकताको पहिचान गरी खरिद विधिको पालना गरी नगरपालिकालेनै खरिद गर्ने र वितरण गर्ने कार्य कार्यान्वयन गर्नुपर्दछ। संस्थाले वितरण गरेको सामग्री नगरपालिकाको PAMS मा दाखिला गरी सम्वन्धित स्वास्थ्य संस्थालाई हस्तान्तण गरेको र स्वास्थ्य संस्थाले आफ्नो जिन्सी खातामा आम्दानी बाधेको प्रमाण पेश गर्नुपर्ने रु.
<table>
<tr><th>क्र.स</th><th>विवरण</th><th>परिमाण</th><th>रकम</th></tr>
<tr><td>१</td><td>बच्चा तौलिने मेसिन</td><td>९</td><td>२७०००</td></tr>
<tr><td>२</td><td>उचाई नाप्ने मेसिन</td><td>९</td><td>१३५०००</td></tr>
<tr><td>३</td><td>पौष्टीक आहार</td><td>३६०</td><td>११३४००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>२७५४००</td></tr>
</table></td><td></td></tr>
<tr><td>३३.८</td><td></td><td></td><td>महिलालाई स्वास्थ्य सम्बन्धी सामग्री वितरण: नगरपालिकाले ६ वटा वडामा महिलाहरुलाई स्वास्थ्य सामग्री वितरण गर्न ग्रामिण उत्थान केन्द्र सँग सम्झौता गरी सामग्री वितरण वापत रु.३७५००० भुक्तानी दिएको छ। संस्थाले ६ वडाका २७८ महिलालाई सामग्री वितरण गरेको उल्लेख गरेको छ। नगरपालिकाको सम्वन्धित शाखाले गर्नुपर्ने कार्य गैह्र सरकारी संस्था संग सम्झौता गरी वितरण गरेवाट महिलाले के कति सामग्री प्राप्त गरे सोको एकिन हुन सकेन । संस्थाले पेश गरेको विवरण अनुसार वितरण भएको सामग्रीको विल पेश गरेको छैन। नगरपालिकाले कार्यालय संचालनको लागि तथा विद्यालयहरुलाई वितरणको लागि खरिद गरेको सोहि प्रकृतिको सामग्रीको अधिकतम मुल्य</td><td>३७५,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>राखि हेर्दा समेत वितरण भएको सामग्रीको अधिकतम मुल्य रु.२७८००० हुने देखिन्छ। यसरी कार्यालयको सम्वन्धित शाखाले गर्ने कार्य गैह्र सरकारी संस्थालाई जिम्मादिई निजले पेश गरेको विवरणलाई आधार मानि कार्यालयको अनुगमन तथा प्रतिवेदन विना दिएको भुक्तानी अनियमित देखिएको रु....
<table>
<tr><th>क्र.स</th><th>सामग्री विवरण</th><th>परिमाण</th><th>औषत मुल्य</th></tr>
<tr><td>१</td><td>टावेल</td><td>१</td><td>५००</td></tr>
<tr><td>२</td><td>प्याड</td><td>१</td><td>४०</td></tr>
<tr><td>३</td><td>साबुन</td><td>१</td><td>५०</td></tr>
<tr><td>४</td><td>ब्रस</td><td>१</td><td>५०</td></tr>
<tr><td>५</td><td>मन्जन</td><td>१</td><td>१००</td></tr>
<tr><td>६</td><td>डिटौल</td><td>१</td><td>६०</td></tr>
<tr><td>७</td><td>नेलकटर</td><td>१</td><td>१००</td></tr>
<tr><td>८</td><td>मास्क</td><td>१०</td><td>१००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>१०००</td></tr>
</table></td><td></td></tr>
<tr><td>३३.९</td><td></td><td></td><td>दोहोरो भुक्तानी: नगरपालिकाले छुवाछुत न्युनिकरण कार्यक्रम सडक नाटक संचालन गर्न सामुदायिक तालिम केन्द्र प्रा.लि. सँग रु.४९७०००।- र लागु औषध विरुद्ध सचेतना कार्यक्रम सडक नाटक संचालन गर्न कृषि तथा सामाजिक विकास केन्द्र प्रा.लि संग रु.४९७०००।- को सम्झौता गरी कार्यादेश दिएको छ। दुई फरक फरक संस्थाले पेश गरेको श्रेस्ता परिक्षण गर्दा २०७८।१२।१६ देखि १२।१९ सम्म सडक नाटक संचालन भएको फोटो तथा भरपाई पेश भएको</td><td>४९७,०००</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			छ। पेश भएको फोटोमा दुवै कार्यक्रममा सहभागी तथा सडक नाटक प्रस्तुतकर्ता कलाकारको एउटै फोटो फरक फरक दुई संस्थाले पेश गरेको देखिन्छ। फरक संस्थाले फरक स्थानमा संचालन गर्ने कार्यक्रमको एउटै फोटो र कार्यक्रम भएको समय पेश गरेबाट उक्त सडक नाटक कुन स्थानमा भएको थियो भनि एकिन हुन सकिएन। कार्यालयले कामको थप एकिन गर्नुपर्दछ। अत: दोहोरो भुक्तानी दिएको रकम कृषि तथा सामाजिक विकास केन्द्रबाट असुल गरी संचित कोष दाखिला गर्नुपर्ने रु....  **दुई फरक फरक संस्थाले पेश गरेको एउटै फोटोको तस्विर**	
३४			**अमानतबाट खरिद(नगरपालिका पुजिँगत)**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३४.१			**अमानतबाट कार्य-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९८ मा सार्वजनिक निकायले १ लाख रुपैयामा नबढाई अमानतबाट काम गराउन सक्ने उल्लेख छ । नगरपालिकाका अन्तर्गत विभिन्न वडामा निर्माण कार्यको लागि कर्मचारी तथा नागरिकबाट विभिन्न भौचरबाट तोकिएको रु. ८०९७३४।- सीमा भन्दा बढीको अमानतबाट काम गराई भुक्तानी भएको छ । उक्त योजनाहरुको अनुगमन प्रतिवेदन समावेश नभएको, कामसँग सम्बन्धित फोटो नराखेको हुँदा मूल्याङ्कन अनुसारको काम भएको सम्बन्धमा विश्वस्त हुने आधार रहेन । नियमावलीको प्रावधान विपरित योजना टुक्रा गरी अमानतबाट काम गराई भुक्तानी गरेको नियमसम्मत देखिएन ।	

गो.भौ.नं.र मिति	नाम	योजनाको नाम	रकम रु.
३४१।०७९।३।२५	मन मोहनप्रसाद गोरो	बडेर्वाअवस्थामा रहेको ब्रहम स्थानको चौतारा प्लाष्टर मर्मत	९००९०
३४२।०७९।३।२५	लखपति देखिथरुनी	ढोडाको घरदेखि उत्तर तर्फ जाने बाटो जनता रोड सम्म माटोपुरी ग्रभेल	४७४८६
३२८।०७९।३।२५	राम निवाससाह	भौतिकपूर्वाधार निर्माण तथा सडक मर्मत	६९३५६
३३२।०७९।३।२५	राज कुमारखवास	इनारको जगतमर्मत कार्यक्रम बागबाना	९६१७१
३३३।०७९।३।२५	राम पृतहजरा दुसास	झुलिटारमाखोप केन्द्र निर्माण	३९८०१
३११।०७९।३।२५	राजेशप्रसाद यादव	नागेन्द्रयादवको घर देखि उत्तर तर्फ तिलावे नदिसम्म अधुरो नाला र माटोपुरी ग्राभेल	९६१५०
३१२।०७९।३।२५	शिव पुजनप्रसाद यादव	नागेन्द्रयादवको घर देखि पुर्व तर्फ रघुनाथ राउतको घरसम्म नाला र माटोपुरी ग्राभेल	९४८१८
१४८।०७९।१।७	फिरोजअंसारी	पशुरामपुरदेखि उत्तर भेड खोलाको बाध मर्मत	९३९२७
१३४।०७८।१२।२९	राज कुमारखवास	वडाकार्यालयको दक्षिण साइडमा पर्खाल निर्माण	९६९३१

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

३३।०७८।८।१०	गिरीराजकडेंल	गत विगतकोयोजना	८५००४
	जम्मा		८०९७३४

३४.२ **विल भरपाई** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९८ मा सार्वजनिक सार्वजनिक निकायले अमानतबाट काम गर्नु पर्दा सो कामको लागि आवश्यक पर्ने निर्माण सामग्री खरिद गरी ज्यालामा काम गराउनु पर्ने व्यवस्था छ ।नगरपालिकाले निर्माण कार्य गर्दा निर्माण कार्यको लागत अनुमान तयार गर्दा सामग्री खरिदको मूल्यअभिवृद्धि कर, रोयल्टी समेत समावेश गरी दर विश्लेषण गरेकोमा देहायका कर्मचारी तथा नागरिकले मूल्यअभिवृद्धि कर र रोयलटी बिजक पेस नगरी प्यान बिल र भरपाई मात्र पेस गरेकोले कर बापत भुक्तानी भएको रु.२९८६७।- असुल गर्नु पर्ने रु. २९,८६८

गो.भौ.नं.र मिति	नाम	योजनाकोनाम	रकम	कैफियत
३४१।०७९।३।२५	मन मोहनप्रसाद गोरो	बडेर्वाअवस्थामा रहेको ब्रहम स्थानको चौतारा प्लाष्टर मर्मत	३६८७	मू.कर
३४२।०७९।३।२५	लखपति देखिथरुनी	ढोडाको घरदेखि उत्तर तर्फ जाने बाटो जनता रोड सम्म माटोपुरी ग्रभेल	३३७३	रोयल्टी
३२८।०७९।३।२५	राम निवाससाह	भौतिकपूर्वाधार निर्माण तथा सडक मर्मत	१९६३	मू.कर
३३३।०७९।३।२५	राम पृतहजरा दुसास	झुलिटारमाखोप केन्द्र निर्माण	२७४०	रोयल्टी
३११।०७९।३।२५	राजेशप्रसाद यादव	नागेन्द्रयादवको घर देखि उत्तर तर्फ तिलावे नदिसम्म अधुरो नाला र माटोपुरी ग्राभेल	५४८३	रोयल्टी

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३१२।०७९।३।२५</td><td>शिव पुजनप्रसाद यादव</td><td>नागेन्द्रयादवको घर देखि पुर्व तर्फ रघुनाथ राउतको घरसम्म नाला र माटोपुरी ग्राभेल</td><td>३२२९</td><td>रोयल्टी</td></tr>
<tr><td>१४८।०७९।१।७</td><td>फिरोजअंसारी</td><td>पशुरामपुरदेखि उत्तर भेड खोलाको बाध मर्मत</td><td>९३९३</td><td>भाडा कर</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>२९८६७</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३५</td><td></td><td></td><td>राजस्व व्यवस्थापन</td><td></td></tr>
<tr><td>३५.१</td><td></td><td></td><td>इजाजत पत्र अनुमतिः यस नगरपालिकाको घ वर्गको निर्माण इजाजत पत्र प्रदान सम्बन्धी कार्यविधि, २०७५ को दफा ३ मा प्रत्येक आर्थिक वर्षको इजाजत पत्र अवधि मान्य रहने र अवधि समाप्त भएको तीन महिना भित्र संघ, प्रदेश र स्थानीय तहलाई तिर्नु पर्ने कर तिरी सकेको कर चुक्ता प्रमाण पत्र तथा फर्म वा कम्पनीको दर्ता नविकरण सहित अनुसूचि-२ अनुसारको दस्तुर तिरी नविकरण गरी पास वुक विवरण अद्यावधिक गर्नु पर्ने व्यवस्था छ । कार्यविधि अनुसार तोकेको अवधि समाप्त भए पनि दिक्षीका इन्जिनियरिङ्ग कन्सल्टेन्सी एण्ड कन्स्ट्रक्सन प्रा लि ले कार्यविधि अनुसार नविकरण गरेको छैन। उप्त प्रा लि सँग नियमानुसार २०००।- असुल गरी संचित कोष दाखिला गर्नुपर्ने रु..</td><td>२,०००</td></tr>
<tr><td>३५.२</td><td></td><td></td><td>वडा राजस्व- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २७ मा प्रचलित कानुनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यलयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिका भित्रका ९ वडाहरुमध्ये नमुना छनौट गरी वडा न ३ र ८ वडाहरुको राजस्व असुली परीक्षण गर्दा रु क्रमश रु ५२५०।-र रु २२०००।- गरी जम्मा रु २७२५० कम असुली भएको पाइयो । अत: कम असुल भएको राजस्व सङ्घीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.. साथै पालिकाले अन्य वडाहरुको समेत राजस्व सङ्कलन तथा दाखिला बारेमा अध्ययन गरी अध्ययन प्रतिवेदन अनुसार आवश्यक कारबाही गर्नुपर्दछ।</td><td>२७,२५०</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३५.३			**व्यवसाय कर**- नगरपालिकाको आर्थिक ऐन, २०७८ को दफा ५ (अनुसूची-४) मा व्यवसाय कर लाग्ने व्यवस्था गरेको छ । नगरपालिकाले राजस्व अभिलेख र प्रतिवेदनको लागि प्रयोग गरेको स्थानीय तह ERP प्रणाली अनुसार पालिका भित्रका विभिन्न कारोवार गर्ने बैङ्क, वित्तीय संस्था, सहकारी, होटेल, स्टेशनरी लगायत फर्मबाट नगरपालिकाले व्यवसाय कर रु. १७५००० असुल गरेको पाईएन । आर्थिक ऐन अनुसार व्यवसाय कर असुल गर्नु पर्ने रु..	१७५,०००
३६			**आय ठेक्का**	
३६.१			**आय बाडफाँट-** मधेश प्रदेश आर्थिक ऐन, २०७८ को दफा ७ मा बालुवा र गिटी ठेक्काबाट प्राप्त आयको ४० प्रतिशत रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्ने व्यवस्था छ। नगरपालिकाले यस वर्ष बालुवा बिक्रीबाट प्राप्त आय रु. ३५९८०३१।- को ४० प्रतिशत रु. १४३९०३१।- प्रदेश सञ्चित कोष दाखिला गरेको देखिएन । आर्थिक ऐन अनुसार प्राप्त आयको ४० प्रतिशत प्रदेश सञ्चित कोष दाखिला गर्नु पर्ने रु.	१,४३९,०३१
३६.२			**आय ठेक्कामा मूल्य अभिवृद्धि कर-** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को १५(३) मा दर्ता नभएको स्थानीय तह मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल उपर गर्नु पर्ने व्यवस्था छ। नगरपालिकाले आय ठेक्का लगाउँदा मूल्य अभिवृद्धि कर रु. ७४३५६६।- असुल नगरेकोले असूल गरी सङ्घीय सञ्चित कोष दाखिला गर्नु पर्ने रु.	२२१,८५२

क्र.स.	फर्मको नाम	विवरण	मूल्य अभिवृद्धि कर	अग्रिम कर	रकम
१	भगवती ट्रेडर्स,	पचरुपी पोखरी	४२९०२	४९५०	४७८५२
२	श्री प्रकृति एकिकृत कृषि तथा पशुपंक्षी फर्म	वैरी पोखरी	१२०००००	१८०००	१७४०००
	जम्मा				२२१८५२

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३६.३			**वक्यौता राजस्व** पर्सागढी नगरपालिका आर्थिक कार्यविधि(नियमित तथा व्यवस्थित गर्ने) ऐन, २०७८ को दफा १४ मा नगदी जिन्सी दाखिला समयमा नगरे दश प्रतिशतसम्म जरिवाना गर्न सक्ने व्यवस्था छ। नगरपालाकले देहायको फर्मबाटआय ठेक्कामा सम्झौता अनुसार राजस्व दाखिला नगरेकोलेकिस्ता रकम र सोमा लाग्ने जरिवाना सहित असुल गर्नु पर्ने रु.	१,२१७,५५९

क्र.स.	फर्मको नाम	आय दाखिला गर्ने मिति	विवरण	वक्यौता आय रु.	जरिवाना रु.	जम्मा
२	भगवती ट्रेडर्स,	२०७८।४।३१	पचरुपी पोखरी	७८७२	७८७	८६५९
३	श्री प्रकृति एकिकृत कृषि तथा पशुपंक्षी फर्म	२०७८।१०।३०	वैरी पोखरी	१०९९०००	१०९९००	१२०८९००
	जम्मा			**११०६८७२**	**११०६८७**	**१२१७५५९**

३६.४			**छुट तथा मिन्हा -** नगरपालिका क्षेत्र करजनिया खोलाको ढुङ्गा, गिट्टी, वालुवा उत्खन्न निकासी कर संकलन गर्नका लागि नगरपालिका र विसमिल्लाह कन्स्ट्रक्सन बिच मिति २०७८।८।५ मा आई.इ.इ. प्रतिवेदन अनुसार ४०९२४८ घन फिट परिमाणको लागि मूल्य अभिवृद्धि कर र अग्रिम कर सहित रु. ५६६८८९५।- मा सम्झौता भएको छ । नगरपालिकाले डिभिजन वन कार्यालयको च.नं. ९८६ मिति २०७८।८।८ को पत्र अनुसार करजनिया खोला वन क्षेत्र भित्र पर्ने भएकोले उत्खन्न कार्य गर्न नपाइने भनी पत्र अनुसार अनुगमन प्रतिवेदन समितिको प्राविधिक प्रतिवेदन	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			प्राप्त गरी डिभिजन वन कार्यालय, पर्साको मौखिक राय उल्लेख गरी मिति २०७८।९।२५ गते ५० दिनको ११८१६.५ घन फिट परिमाण रु. १५४८६५८.५२ राजस्व छुट दिने गरी पुनः सम्झौता गरेको छ। नगरपालिकाले उत्खनन परिमाणलाई दिनमा परिवर्तन गरी राजस्व छुट दिने र कार्यालयबाट तोकिएको परिमाण निकासीको लागि नगदी रसिद जारी गरेको देखिएन (२० ठेली- मात्र उपलब्ध गराएको मध्ये १९ ठेलीबाट मात्र संकलन ९५००० घन फिट) । नगरपालिकाले उत्खनन क्षेत्रको अनुगमन र घाटगद्दीको निरीक्षण गरी कति परिमाणमा उत्खनन गरेको हो सोको व्यवस्थित अभिलेख नराखी दोस्रो पक्षलाई दिनको आधारमा छुट दिने निर्णय नियम संगत देखिएन ।	
३८			सम्परीक्षण- स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही ऐनको दफा ८४(२)(घ) बमोजिम बेरुजू फस्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा बाँकी बेरुजु मध्ये आ.व. २०७६।७७ सम्मको पेश भएन । आर्थिक वर्ष २०७७।७८ सम्परीक्षण डोर समक्ष अनुरोध पत्र पेश गरेकोमा नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीबाट सम्परीक्षण गरी लगत कट्टा गरिएको छ ।	